ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ९, २०८१ जेठ, पूर्णाङ्क २१७

विश्वशान्तिस्तूपा

पोखरा, कास्की

साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
द्वारा प्रवर्द्धित
STC ग्याँस
तौल पूर्ण, सुरक्षा सम्पूर्ण
- ISI स्टाण्डर्डको भित्र बाहिर रबर कोट भै बीचमा स्टिलको जाली भएको ३ तहको होजपाइप
- उच्च गुणस्तरको रेगुलेटर
- पुन: प्रयोग गर्न न सकिने प्लाष्टिक सिल भएको सिलिण्डर
- कम्प्यूटर प्राविधिबाट चल्ने प्लान्ट, तौलमा सोह्रै आना ढुक्क हुनुहोस्
गृहिणी
चामल
साल्ट ट्रेडिङ्ग समूहका उत्कृष्ट खाद्य बस्तुहरु



एक करोड गीतादान महाअभियान
सहभागी हुन इच्छुक महानुभावहरुलाई
हार्दिक स्वागत गर्दछौं ।
सहभागीताको लागि:
एक करोड गीतादान महाअभियान
New Baneshwor, Kathmandu, Nepal
Tel.: +977-01-4104316/6638000
E-mail: 1karodgeetadan@gmail.com
Facebook: Karod Geeta Dan
Website: www.ushaeduhouse.com
मूल्य: स्वविवेक
9 789937 122801
श्रीमद्भगवद्गीता
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
श्रीमद्भगवद्गीता
विष्णु सहस्रनाम सहित
(नेपाली भावार्थसहित)
दोस्रो संस्करण
विश्व कल्याण र धर्म संरक्षणको लागि
ॐ एक करोड गीतादान महाअभियान

संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरु कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ९, २०८१ पूर्णाङ्क २१७

जेठ २०८१

मङ्गलबार	१	८	१५	२२	२९
बुधबार	२	९	१६	२३	३०
बिहीबार	३	१०	१७	२४	३१
शुक्रबार	४	११	१८	२५	३२
शनिबार	५	१२	१९	२६	गौरी
आइतबार	६	१३	२०	२७	गौरी
सोमबार	७	१४	२१	२८	गौरी

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ ।

कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति
सम्पर्क: ९८४१५३३७८७, ९८०३८८८६६७
९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

यो छ त निर्मूल तर देव, मनुष्य आदि अनेक रूपहरूमा यसको प्रतीति हुन्छ । पृथ्वीको विकार हुनाले शरीर आत्मा होइन । इन्द्रिय र तिनका अधिष्ठाता देवता, प्राणवायु, जल, अग्नि तथा मन पनि आत्मा होइन किनभने यिनको पोषण पनि शरीरकै समान अन्नद्वारा हुन्छ । बुद्धि, चित्त, अहङ्कार, आकाश, पृथ्वी तथा शब्दादि विषय र गुणहरूको साम्यावस्था प्रकृति पनि आत्मा होइन, किनभने यी सबैका सबै दृश्य तथा जड हुन् ।

तीनैओटा गुणहरूका वृत्तिहरूको निरूपण

उद्धव ! भिन्नाभिन्नै गुणहरूको कारणले प्रत्येक व्यक्तिको स्वभावमा पनि भेद हुन्छ । सत्वगुणका वृत्तिहरू शम, दम, तितीक्षा, विवेक, तप, सत्य, दया, सन्तोष, त्याग, विषयहरूका प्रति अनिच्छा, श्रद्धा, दान, विनय र सरलता आदि हुन् । रजोगुणका वृत्तिहरू इच्छा, अभिमान, भेदबुद्धि, विषयभोग, आफ्नो यशमा प्रेम, पराक्रम र हठपूर्वक उद्योग गर्नु आदि हुन् । तमोगुणका वृत्तिहरू क्रोध, लोभ, मिथ्याभाषण, हिंसा, पाखण्ड, कलह, शोक, मोह, विषाद, निद्रा र अकर्मण्यता आदि हुन् । उनीहरूको मेलले म हुँ र मेरा हुन् यस प्रकारको विचारमा तीनओटै गुणहरूको मिश्रण छ । मन, शब्दादि विषय, इन्द्रियहरू र प्राणहरूका कारण सात्विक, राजस र तामस वृत्तिहरू प्रकट हुन्छन् । जब मानिस धर्म, अर्थ र काममा लागेको हुन्छ अनि उसलाई सत्वगुणबाट श्रद्धा, रजोगुणबाट रति र तमोगुणबाट धन प्राप्त हुन्छ ।

मानसिक शान्ति र जितेन्द्रियताजस्ता सद्गुणहरूबाट सत्वगुणी, विविध कामनाहरूबाट रजोगुणी र क्रोध, हिंसा आदिबाट तमोगुणी मानिस चिनिन्छन् । स्त्रीजाति होस् वा पुरुषजाति जब उसले निष्काम भएर आफ्नो नित्यनैमित्तिक कर्महरूद्वारा मेरो आराधना गर्छ भने त्यसलाई सत्वगुणी हो भनी जान्नुपर्छ । सकामभावले मेरो भजनपूजन गर्ने मानिस रजोगुणी र कसैको अनिष्ट चाहने र अनिष्ट गर्नका लागि मेरो पूजन गर्ने मानिस तमोगुणी हुन्छ । जसको मृत्यु सत्वगुण बढेको बेलामा हुन्छ, त्यसलाई स्वर्ग; रजोगुण बढेका बेलामा मृत्यु हुनेलाई मनुष्यलोक र तमोगुण बढेको समयमा मृत्यु हुनेलाई नरक मिल्दछ । तर जो जीवन्मुक्त भइसकेका छन्, उनीहरूलाई मेरो प्राप्ति हुन्छ ।

निष्कामभावले गरेको धर्मको आचरण सात्विक, फलको कामनाले गरेको धर्म राजसिक तथा कसैलाई सताउने अथवा देखाउने भावले गरेको धर्म तामसिक हुन्छ । आरोग्यदायक पवित्र आहार सात्विक, स्वादको दृष्टिले गरेको र रूचिकर आहार राजसिक र दुःखदायी तथा अपवित्र भोजन तामस हो । जीवका गुणहरू र कर्महरूका अनुसार नै त्यसलाई नाना योनिहरू प्राप्त हुन्छन् । सारा गुणले चित्तसित नै सम्बन्ध राख्दछ । यस कारण जन जीवले त्यसमाथि विजय प्राप्त गर्छ, त्यो भक्तियोगद्वारा ममा नै अनन्यनिष्ठा राखेर मोक्षको अधिकारी भइहाल्छ ।

उद्धव ! यो मानवशरीर मलाई प्राप्त गर्ने मुख्य साधन हो । यसलाई पाएर जुन मानिसले सत्यप्रेमले मेरो भक्ति गर्छ त्यसले म परमात्मालाई प्राप्त गरिहाल्छ । ज्ञान प्राप्त भएपछि मानिस गुणहरूका बीचमा रहेर पनि तिनीहरूबाट बाँधिदैन किनभने गुणहरूको वास्तविक सत्ता नै छैन । जो मानिस विषयहरूका सेवनमा नै लागेका छन्, तिनको सङ्गति गर्नु हुँदैन, किनभने तिनको अनुगमन गर्ने मानिसको त्यस्तै दुर्दशा हुन्छ, जस्तो कि दृष्टिविहीनको सहाराले हिँड्ने अर्को दृष्टिविहीनको हुन्छ । अतः बुद्धिमान् मानिसले सत्पुरुषको नै सङ्गति गरोस् । तिनीहरूले आफ्ना सदुपदेशहरूले उसको विषयासक्ति नष्ट गरिदिनेछन् ।

सन्त पुरूषहरूलाई कुनै वस्तुमा आसक्ति हुँदैन । उनीहरूको चित्त सधैं ममा लागिराखेको हुन्छ । उनका हृदयमा शान्तिको अगाध समुद्रको लहर आइराखेको हुन्छ । उनीहरू सधैं, सर्वत्र, सबमा सर्वान्तर्यामी भगवान्‌को नै दर्शन गर्छन् र तिनीहरूमा अहङ्कारको लेश मात्र पनि हुँदैन । उनीहरू ठन्डीगर्मी, सुखदुःख आदि द्वन्द्वहरूमा सधैं एकरस रहन्छन् । जुन मानिस आदर र श्रद्धाले मेरा लीलाकथाहरूको श्रवण गर्छन्, गान तथा अनुमोदन गर्छन्, तिनीहरू भगवत्परायण भएर अनन्यभक्ति प्राप्त गरिहाल्छन् ।क्रमशः...

सम्पादकीय

बुद्ध जन्मभूमि नेपाल

विश्व मानचित्रमा क्षेत्रफलको दृष्टिकोणले नेपाल सानो देशको रूपमा परिचित भएपनि यसको गौरव, गाथा र गरिमा सानो छैन । विविध धर्म, संस्कृति, संस्कार, परम्परा, मूल्य र मान्यता भएका मानिसहरू आपसमा मिलेर रहनुले 'अनेकतामा एकता नेपालीहरूको विशेषता' विश्वमै उदाहरणीय छ । यही र यस्तै गौरव र गाथालाई हामीले हाम्रा आगामी पिंढीमा हस्तान्तरण गर्नसके मात्रै विश्वसामु हाम्रो पहिचान रहिरहने छ । यो जिम्मेवारी युवा जगत्को हो, जसको निम्ति उनीहरूलाई सुसंस्कृत बनाउनु जरुरी छ ।

नेपालको गरिमा बढाउने विभिन्न विशेषताहरू मध्ये गौतम बुद्धको जन्मस्थल 'लुम्बिनी' पनि एक हो । विश्वभर अहिंसाको विरुद्ध शान्तिको सन्देश फैलाउने भगवान् गौतम बुद्ध नेपालकै लुम्बिनीमा जन्मनुभएको हो । भगवान् गौतम बुद्धले मानिसमा आइपर्ने दुःख, त्यसको कारण र त्यसबाट निवारण हुने उपायको समेत खोजी गर्नुभएको छ । कठोर त्याग र तपस्याबाट बुद्धत्व प्राप्त गर्नुभएकोले बुद्ध जन्मभूमि लुम्बिनीलाई अहिले पनि विश्वका करोडौं मानिसहरू पवित्र भूमि मानेर शिर निहुराएर सम्मान प्रकट गर्दछन् ।

हामीले बुद्धका ज्ञानलाई आत्मसाथ गर्दै शान्तिको मार्गमा अगाडि बढ्नु पर्दछ र विश्वमा उहाँको ज्ञानलाई अझ बढी विस्तार गर्नु अपरिहार्य भएको छ । गौरी मासिकले पनि भगवान् बुद्धका त्याग र तपस्याका गाथा सहित उहाँले प्राप्त गर्नुभएका ज्ञान र प्रदान गर्नुभएका उपदेशलाई समय समयमा प्राथमिकताको साथ प्रकाशन गर्दै आइरहेको छ ।

वैशाख शुक्ल पूर्णिमा उनै भगवान् गौतम बुद्धको जन्म भएको, ज्ञान प्राप्त भएको र महापरिनिर्वाण भएको पावन दिन हो । अन्त्यमा, यही जेठ १० गते पर्न गएको २५६८ औं बुद्ध जयन्तीको पावन अवसरमा नेपाल सहित समस्त विश्वमा शान्तिको कामना गर्दै हार्दिक शुभकामना अर्पण गर्दछौं ।

अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

ललितापञ्चक स्तोत्र मुकुन्द शर्मा, चालिसे ४

गीताज्ञान

सांख्ययोग आचार्य खेमराज केशवशरण ५

समसामयिक

आदर्श नारीः सीता पं. बालमुकुन्द देवकोटा ७

आध्यात्मिक वार्ता

भक्तियोग र कर्मयोग श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ११

खोज

वैदिक दृष्टिकोणमा... डा. निर्मलमणि अधिकारी १४

समय-सन्दर्श

श्रीपशुपतिनाथ र ... डा. भरतप्रसाद बडाल १७

विशेष

आधुनिक सभ्यता र ... कपिल बज्जारा २०

विश्लेषण

ने मुनि र........ सहप्रा. डा. विनुबाबा अर्याल २६

संस्मरण

दशमहाविद्या मन्दिर माया शर्मा ३१

भावानुवाद

शिवमानसपूजा प्रा. भवानीप्रसाद खतिवडा २९

गतिविधि ३४

विश्वशान्तिस्तुप, पोखरा, कास्की

पोखराबाट करिव ५ कि.मी. पश्चिम साविक पुम्दीभुम्दी गा.वि.स. अन्तरगत 'अनदु' भन्ने डाँडामा अवस्थित छ । यस स्तुपामा बुद्धका विभिन्न अवस्थाका मूर्तिहरू रहेकोले साथै यहाँबाट फेवाताल, माछापुच्छ्रे, अन्नपूर्ण र धौलागिरीको समेत मनोरम दृष्य देख्न सकिने हुनाले यो स्तुप अन्तरिक एवम् वाह्य पर्यटकको निम्ति आकर्षणको केन्द बनेको छ । वि.सं. २०५६ सालमा नवनिर्माण गरिएको यो स्तुप परिसरले करिव २२ रोपनी जग्गा ओगटेको छ ।

नेपाली भावानुवाद

श्रीशङ्कराचार्य विरचित ललितापञ्चक स्तोत्र

-मुकुन्द शर्मा, चालिसे

सम्झूँ बिहान ललिता–अनुहार झाँकी
मोती–जडाउ सुनको उनको बुलाँकी
आँखा ठुला अधर सुस्मित लाल, भाल–
कस्तूरि–शोभित, अरू गहना कमाल ॥

जागी बिहान ललिता भुज ती भजौँला
औँठी भएर जसको कमनीय औँला
पक्डेर चाप–उखु, अङ्कुश, पुष्पवाण
बाला सुवर्ण–मणिले रूचिरायमान ॥

ढोगूँ बिहान ललिता–पदपद्मलाई
संसार–सेतु, शरणागत–इष्टदायी
चक्र, ध्वजा, कमल, अङ्कुश छन् निशान
ब्रह्मादि देवगणले पनि पूज्यमान ॥

गाऊँ बिहान ललिताकन बारबार
वेदान्तबाट बुझिने करूणावतार
सृष्टि–स्थिति–प्रलयहेतु उनै अपार
सक्तैन शास्त्र पनि पाउन तत्त्वसार ॥

बोलूँ बिहान ललिता कमनीय नाम
कामेश्वरी विजयिनी कमला उमा म
श्री शाम्भवी शिवसखी जगदीश्वरी हौ
वाग्देवता र वरदा त्रिपुरेश्वरी हौ ॥

यी श्लोक पाँच जसले बिउँझी बिहान
पढ्ला बडो रस लिईकन एकतान
हुन्छिन् प्रसन्न ललिता अनि भाग्य खिल्छ
विद्या, सुकीर्ति, सुख सम्पति मिल्छ मिल्छ ॥❖

-बूढानीलकण्ठ न.पा. ४, कैलासकुञ्ज

गीता द्वितीय अध्याय

सांख्ययोग



–आचार्य खेमराज केशवशरण

अघिल्लो अंकबाट क्रमशः

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः ।
निर्ममो निरहङ्कारः स शान्तिर्भाव गच्छति ।७१।

अन्वयः यः पुमाम् सर्वान् कामान् विहाय निःस्पृहः निर्ममः निरहंकार ऋति सः शान्तिम् अधिगच्छति ।

सरलार्थः जो साधक समस्त बाहिरी कामनाहरूलाई छोडेर परमात्माको संज्ञाद्वारा आत्मानूभितिमा नै रम्दै निःस्पृह बनी अहंकार र ममताबाट मुक्त बनेर विचरण गर्दछ, त्यसैले शान्ति प्राप्त गर्दछ ।

भावार्थचन्द्रिकाः सम्पूर्ण कामनाहरूलाई छोडेर निःस्पृह बन्नुको मतलव कुनै पनि इच्छा भन्ने कुरा मनमा लिँदै नलिनु होइन । त्यसरी त जीवन नै चल्दैन । केही पनि नचिताउने त जड सरह हुन्छ ।

यहाँ कामान् शब्दले भगवत्सेवा बाहेक बाहिरी कामनालाई लिएको हो । उदाहरणको रूपमा संसारी मानिसले धन कमायो भने त्यस धनको मालिक आफूलाई मानेर म फलानाले यतिसम्म धन कमाएँ, म यति धनको मालिक हुँ भन्ने सबैले थाहा पाउन् भनेर त्यस्तै व्यवस्था गरी आफ्नो नाउमा व्यक्तिगत पूँजी बनाएर त्यो धन थन्क्याउँछ । परन्तु एउटा आध्यात्मिक साधनाको पारखी भगवद्भावनाभावित व्यक्तिले धन कमायो भने त्यसद्वारा प्रभुको सेवाको काम गर्दछ, धर्मशाला, मठमन्दिर, अनाथालय जस्ता सेवा र परोपकारका शुभ कार्यहरू गर्दछ । सम्पूर्ण संसारमा प्रभुको निवास छ भन्ने सत्य बुझेर सम्पूर्ण सम्पत्तिका स्वामी पनि प्रभुलाई नै मान्दै ऊ 'त्वदीयं वस्तु गोविन्दं तुव्यमेव समर्पयं' को भावना गर्दै प्रभुका वस्तुले प्रभुकै सेवा गर्दछ । उसका समग्र इच्छाहरू प्रभुका सेवामा नै समर्पित हुन्छन् । अनि प्रभु सेवामा इच्छा गर्नु चाहिं इच्छा नै नगरे सरह हुन्छ ।

श्रीमद्भागवतमा आफ्ना समर्पित भक्त गोपिकाहरूप्रति भगवान् श्रीकृष्ण भन्नुहुन्छ– 'ममा नै मन, बुद्धि अर्पण गरिसकेका मेरा भक्तले गरेका कामनाहरू कामना रहँदैनन् । मप्रतिको अनन्य भक्तले तिनको भवबन्धन खडा गर्ने शक्ति भुटिइसकेको हुन्छ । जसरी भुटिएका अथवा पट्केर गलेका धानका बीऊहरू उम्रिन नसक्ने भइसक्छन् त्यसैगरी मप्रति मेरो सेवाप्रति राखिएका कामनाहरू पनि भुटिइसकेका अथवा पाकेर गलिसकेका हुनाले त्यसले भवबन्धन खडा गर्नै सक्दैन–

नहि मव्यर्पितधिषं कामः कामाय कल्पते ।
भर्जिताः क्वथिता धानाः प्रायो बीजायनेस्यनं ।
(श्रीमद्भागवत १७/२०/२६)

त्यसैगरी परमात्माको सेवाप्रति केन्द्रित कर्मयोगी पनि इच्छा त गर्दछ तर उसका सम्पूर्ण इच्छाहरू भगवत्ससेवाप्रति अर्पित हुनाले ती लौकिक इच्छा सरह बन्धनदायी हुँदैनन् । लौकिक दृष्टिले सम्पूर्ण कामनाहरू छोडिसकेको हुनाले र प्रभुलाई नै सबै वस्तुका परमस्वामीका रूपमा मानिसकेका हुनाले उसलाई ममता र अहङ्कार पनि हुँदैन । त्यसैले अहंता र ममताबाट माथि उठिसकेका यस्ता इच्छा कोटिका स्थितप्राय पुरूषलाई शान्तिको भागी बन्ने सुयोग प्राप्त हुन्छ ।

यहाँ पुमान् शब्द प्रयोग भएकाले स्त्रीजातिले त यो साधना गर्न हुने रहेनछ भन्ने अर्थ लाउनुहुन्न । पुमान् शब्दले साधक सामान्यलाई बताउँछ । किनभने आत्मा त सबैको पुमान् नै हुन्छ । स्त्रीजातिले पनि भक्ति साधनाबाट आत्मोद्धार गर्न सक्ने कुरा भक्तियोगको प्रकरणमा स्वयं भगवान् पछि भन्दै हुनुहुन्छ ।

स्थितप्रज्ञताको स्थितिलाई कसरी प्राप्त गर्न सकिन्छ भन्ने बारेमा प्रकाश पारेर भगवान् अब यसस्थितिमा पुगेका प्रसिद्ध पुरूषले प्राप्त गर्ने अन्तिम उपलब्धितिर

इशारा गर्दै स्थितप्रज्ञ लक्षणसँगै सांख्ययोग नामक दोश्रो अध्यायको पनि उपसंहार गर्दै हुनुहुन्छ–

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति ।
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ।७२।

अन्वयः एषा ब्राह्मी स्थिति, हे पार्थः एनां प्राप्य न विभुह्यति । अस्यां स्थिता अन्तकाले अपि ब्रह्मनिर्माणम् ऋच्छति ।

सरलार्थः निर्मल, निरहङ्कार, निस्पृह, कामनामुक्त बनेर परमात्माप्रति समर्पित रही आत्मानुभूतिको उज्वल पथमा विचरण गर्ने यो स्थितिलाई ब्राह्मी स्थिति भन्दछन् । हे कुन्ती पुत्र ! यस स्थितिमा पुगेको कुनै पनि साधक कहिल्यै मोहित हुँदैन । अन्तकालमा पनि यो स्थितिमा रहन सके साधकलाई ब्राह्मनिर्वाण (परमशान्ति) प्राप्त हुन्छ ।

भावार्थचन्द्रिकाः भगवत् शरणागति ग्रहण गरेर भगवत्प्रात्यर्थ नै सम्पूर्ण कर्म गर्ने कर्मयोगीले 'यो चराचर जगत्का स्वामी भगवान् श्रीवासुदेव हुनुहुन्छ, उहाँकै अनन्त शक्तिद्वारा यसको सञ्चालन भइरहेछ, त्यसैले यहाँका प्रत्येक वस्तु उहाँकै हुन्, म स्वयं पनि उहाँको अंश हूँ उहाँ मेरा अंशी हुनुहुन्छ' भन्ने बुझ्केको हुन्छ । त्यसैले उसलाई कुनै वस्तुमा मेरोपना रहँदैन, कुनै काम आफूबाट भयो भनेर अहंकार हुँदैन । यस कारण उसलाई अहन्ताबाट पनि मोह हुँदैन र ममताबाट पनि मोह हुँदैन । संसारमा मोह हुने कारणमा मुख्य रूपले अहन्ता र ममता नै रहेको हुन्छ । पहिलो अध्यायमा अर्जुनले व्यक्त गरेका कुराहरूमा पनि यिनै अहन्ता र ममता नै व्यक्त भएको पाइन्छ । उनी कौरवहरूले पापबाट बाच्न नसिकेको र नजानेको अनि आफूले चाहिं त्यो जानेको भनी अहंकार प्रकट गर्दछन् ।

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः ।
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥ ३७ ॥
कथं न ज्ञेयमस्माभिः पापादस्मन्निवर्तितुम् ।
कुलक्षयकृतं दोषं प्रपश्यद्भर्जिनार्दन ॥ ३८ ॥

त्यसै गरी युद्धको मैदानमा लड्न भनी आएका योद्धाहरूलाई आफ्ना पिता, पितामह, आचार्य, मामा, दाजुभाइ, छोरानाति आदि स्नेही आफन्त एवम् बन्धुजनका रूपमा सम्वन्धित बताउँदै ममता दर्शाउँछन् । उनको मोहका पछाडि पनि कारण बनेर यिनै दुई भाव रहेको पाइन्छ । सबै वस्तु प्रभुका हुन् भन्ने बुझ्सिकेका साधकलाई मेरोपन (ममता)बाट मोह हुन सक्दैन र सम्पूर्ण संसारको सञ्चालन प्रभुको अनन्त शक्तिद्वारा हुन्छ भन्ने बुझ्सिकेकालाई मैले गरेको, म गर्ने हुँ भन्ने अहंबद्ध सोचाइ नहुने हुनाले अहङ्कारजन्य मोह पनि उसलाई हुन सक्दैन । ऊ कहिल्यै पनि अहंपना र ममतामा जेलिँदैन किनभने अनन्त भगवत्सत्ता सधैं उसका सामु हुन्छ ।

परब्रह्म परमात्मालाई नै सर्वत्र सर्वदा अनुभव गर्ने र आफू स्वयंलाई पनि जड शरीरभन्दा विल्कुलै भिन्न भगवद्अंश स्वरूप चेतनआत्माका रूपमा अनुभव गर्ने यही स्थिति ब्राह्मी स्थिति शब्दले यहाँ बताइएको छ । यो ब्राह्मी स्थिति जीवनभरि नै रहन सके त साधक जीवनमुक्त नै हुन्छ । तर यदि अन्तिम अवस्थामा एकैछिन पनि यो स्थिति प्रकट भएमा साधकले ब्रह्मस्थिति प्राप्त गर्दछ । अन्तकाले अपि भनेर यसै कुरातिर इङ्गित गरिएको छ । एकातिर ब्रह्मसत्ता छ अर्कोतिर भौतिक सत्ता छ । यिनै दुई पक्षमा संसार बाँडिएको छ ।

भौतिक संसारमा इन्द्रिय सुखका साधनहरू जुटाउने प्रयासमा नै मानिस हराइरहेको हुन्छ जहाँ मृगतृष्णाबाहेक केही हुँदैन । तृप्ति कहिल्यै छैन । जति प्राप्त गर्‍यो उति इच्छाको ज्वालो दन्कने । परन्तु चैतन्यपूर्ण ब्रह्मसत्तामा अथवा ब्रह्मभावनामा भने सन्तुष्टि, शान्ति, प्रसन्नता साथ जीवन विसाएर अन्तमा ब्रह्मनिर्वाणको अमृत प्राप्त गरेर जीवात्मा धन्य धन्य बन्दछ । भौतिक संसारमा इन्द्रियतृप्ति नै मुख्य लक्ष्य बनिरहेको हुन्छ, आध्यात्मिक संसारमा चाहि आत्माको अमरता अनुभूति गर्दै त्याग, तपस्या, सेवा, उपकार, चैतन्यमय परमात्माको उपासना साथै जीवनको पूर्णता प्राप्ति निम्ति नै क्षणक्षणर कणकणको सदुपयोग हुन्छ । यस प्रकार आत्माको अमरता, स्वधर्मको परिपालन, प्राण, प्रतिष्ठाको रक्षा, कर्तव्य अकर्तव्यको विवेक, नाशवान् शरीर र अविनाशी आत्माको भिन्नता, विषयहरूप्रति अनासक्ति र स्थितप्रज्ञ बन्ने सत्प्रेरणा जस्ता अनमोल ज्ञानसन्देश दिंदै सांख्ययोग नामक द्वितीय अध्याय पूर्ण हुन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साल साउन १८ गते स्वर्गारोहण हुनुभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

आदर्श नारीः सीता

पं. बालमुकुन्द देवकोटा

आदर्श नारी सीताको जन्म तथा अन्त्य दुवै रोचक, मार्मिक तथा अर्थपूर्ण हुनुका साथै रहस्यमयी छन् । साँच्चै भन्ने हो भने सीताका आमा, बाबु दुवै अज्ञात छन् । हुन त सीता नामले उनका बारेमा जान्न चाहनेलाई केही रहस्य उद्घाटन भने गरेकै छ ।

विभिन्न शब्दकोश अनुसार सीता शब्दको अर्थ, जोत्दा जमीनमा परेको हलोको डोब, जोतिएको जमीन, हलोको फालीबाट धर्तीमा निर्मित रेखा भन्ने पाइन्छ । सीताको जन्म सन्दर्भमा यस्तै कथा पनि छ । यज्ञभूमि तयार पार्न राजर्षि जनकले हलो चलाउँदा त्यही भूमिबाट सीता प्रकट भएको कथा पाइन्छ ।

सीता मिथिलाका राजा जनककी सबैभन्दा जेठी छोरी थिइन् । उनको विवाह अयोध्याका राजा दशरथका ज्येष्ठ सुपुत्र रामसँग स्वयंवरमा शिवको धनुष भंग गरेपछि भयो । भगवान् मर्यादा पुरूषोत्तम रामकी पत्नी, धर्मानुरागी, आदर्शराजा दशरथकी बुहारी र राजर्षि जनककी छोरी सीता नेपाल भूमिकी गरिमामयी पुत्री हुन् । आदर्शपत्नी, आदर्शमाता, आदर्श भाउजू, आदर्श बुहारी, आदर्श महारानी र समग्रमा भन्नु पर्दा आदर्श नारीका रूपमा बहुचर्चित सीता नेपाल पुत्री भएकीले उनलाई यहाँ राष्ट्रिय विभूति मानिएको छ । प्रथम नेपाली महिलाका सन्दर्भमा हेर्दा सीता नेपालकी पौराणिक प्रथम नेपाली महिला विभूति हुन् । उनको आदर्श, सच्चरित्रता, सतीत्व, नारीत्व, मातृत्वासल्य, करूणामयी व्यक्तित्वका कारण संसारभरि उनी जगज्जननीका रूपमा पूजित छिन् ।

सीताको जन्म सम्बन्धमा पुराणहरूमा एकरूपता पाइँदैन।वाल्मीकिरामायण,आनन्दरामायण,अद्भूतरामायण, अध्यात्मरामायण, कम्बरामायण (तमिलरामायण), देवी भागवत आदि पुराणमा फरक कथा छन् । देवी भागवतका अनुसार लङ्काधिपति रावणले आफ्नो पहिलो सन्तान (कन्या)लाई सनुस बन्द गरेर धर्तीमा गाडिदिएको थियो र त्यो थलो जनकपुर थियो । मय राक्षसकी छोरी मन्दोदरीसँग बिहे गर्ने बेलामा रावणले पहिलो सन्तानका कारण वंशै समाप्त हुने सुनेकाले जन्मिनासाथ कन्यालाई गाडेको हो । अद्भूतरामायण अनुसार त्यतिखेर रावणको अत्याचार ज्यादै बढेको थियो । ऋषि, तपस्वीलाई उसले निकै कष्ट दिन्थ्यो । तपस्यारत ऋषि, तपस्वीका शरीरमा बाणले घोच्दै रगत झिकेर घैँटामा भर्थ्यो । गृत्समद ऋषि पनि त्यहीँ तपस्या गरिरहेका थिए । उनी सदा कुशको अग्रभागबाट निस्किएको दूध घैँटामा जम्मा गर्थे । रावणले यस कुराको चाल पाई त्यो घैँटो चोरी दूध जति आफ्नो घैँटामा भरेको थियो । रावणबाट वाक्किएकी मन्दोदरीले आत्महत्याको उद्देश्यले त्यही रगत मिसिएको दूध खाइदिइन् । मन्दोदरी त मरिनन् तर त्यसबाट उनमा गर्भ रहन गयो । त्यो गर्भलाई उनले जमीन मुनि गाडिदिएकी थिइन् । राजा जनकले हलो चलाउँदा सीता फेला पारेका हुन् ।

आनन्द रामायण अनुसार मिथिला भूमिमा एक ब्राह्मणले सनुस फेला पारी राजा जनकलाई जिम्मा दिएका थिए । त्यसभित्र कन्या भएकीले राजा जनकबाट उनको पालनपोषण भएको हो । मिथिला भूमिमा सनुस गाड्ने काम चाहिँ रावणले गरेको थियो । गाड्दाखेरि सीताले रावणलाई श्राप दिँदै भनेकी थिइन्– 'म फेरि लङ्का आएर तँ र तेरो वंशलाई सखाप पार्नेछु ।' आनन्दरामायण कै अनुसार भगवान् विष्णुले दिनुभएको महालिङ्गबाट निस्किएका 'पद्मा' राजा पद्माक्षरकी छोरी हुन् । पद्माको बिहेका लागि आयोजित स्वयम्बर समारोहमा दैत्यले तँछाड मँछाड गर्दै कोलाहल मच्चाएकाले उनी आगोमा विलीन भइन् ।

केही कालपछि उनी अग्निकुण्डबाट निस्कँदा रावणको कुदृष्टि परेको र उसले पछ्याउँदै आएकाले उनी फेरि आगामै हराएकी थिइन् । रावणले अग्निकुण्ड समेत भत्काउन लगायो र त्यहाँ पञ्चरत्न हात पार्‍यो । सन्दुकमा राखिएको पञ्चरत्नमा मन्दोदरीले कन्याका रूपमा पद्मालाई देखिन् । यो थाहा पाएपछि रावणले सन्दुक बन्द गरेर

जमीनमा गाडिदियो र त्यही गाड्ने बेलामा पद्मा (सीता)ले श्राप दिएकी हुन् ।

कम्बरामायण अनुसार शीरध्वज (जनक)का भाइ कुशध्वजकी छोरी वेदवती रावणका कारण आगामा होमिई खरानी भएकी थिइन् र त्यही खरानीबाट वेदवतीले सीताको अवतार लिएकी हुन् । यो कथा अनुसार सीता कुशध्वज र मालावतीकी छोरी प्रतीत हुन्छिन् । अन्य किम्बदन्तिका आधारमा सीतालाई मिथिलाका राजा जनककी छोरी भनिएता पनि रामायणका अनुसार सीताको जन्म रावणकी धर्म पत्नी मन्दोधरीको गर्भबाट भएको हो । त्रेतायुगमा लंकाका तत्कालीन राजा रावणले आफ्नो ताकतको घमण्डमा पृथ्वी भरी उत्पात मचाएको थियो । रावणले प्रत्येक दिन जनताहरूबाट कर असुलेर एक सेर सुन ल्याउने गर्थ्यो । यसरी बेथिती गरेका कारण सौनकादी ८८ हजार ऋषिहरूले रावणको वंश नास गर्ना निमित्त सबैले आफ्नो-आफ्नो रगत अली-अली निकालेर एक पञ्चरंगी डिब्बामा एक सेरको तौल बराबर बनाएर राखे ।

केही दिन पछि रावण कर असुली गर्न ऋषिहरू भए ठाउँमा गयो । ऋषीहरूले रगतको बट्टा रावणलाई दिएर भने "महाराज हामीले यो बट्टामा एक सेर सुन जम्मा गरेका छौं । यो लिएर जानुस् ।" यो सुनेर रावणले त्यो बट्टा तराजुमा राखेर तौल गर्दा एक सेर पुरा भएकाले नखोलेरै आफ्नो घर ल्याएर आयो । रावणले सँधैको जस्तै त्यो बट्टा आफ्नी धर्म पत्नी मन्दोदरीलाई राख्न दियो । मन्दोदरीले आज पञ्चरंगी डिब्बामा के रहेछ भन्ने विचारले खोलेर हेर्दा रगत देखियो ।

मन्दोदरीले त्यो रगत रावणको कोही अरू रानी अथवा कोही परस्त्रीको भएको ठानेर रिसले त्यो रगत पिइन् । केही दिन पछि मन्दोदरीलाई गर्भ रह्यो । मन्दोदरीको पेटमा धेरै पीडा भएको कारण रावणले ज्योतिषहरूलाई बोलाएर लक्षण हेर्न लगायो । ज्योतिषहरूले मन्दोदरीको गर्भबाट रावणकुलको नास गर्ने एक पुत्रीको जन्म हुने संकेत दिए । यो सुनेर रावणले मन्दोदरीको गर्भ पतन गराएर एक घडामा राखी आफ्नो पुष्पक विमानमा बसेर घडा छोड्ने उचित ठाउँ हेर्न लाग्यो । यसरी हेर्दा उसले जनकपुरमा राम्रो तलाउ देख्यो । तलाउ गहिरो भएका कारण शिशु बाँच्ने सम्भावना कम भएको विश्वासले घडा तलाउमा छोड्यो ।

केही दिन पछि जनकपुरमा ठूलो खडेरीका कारण तलाउको पानी सुकेर गयो । खडेरीको निवारणार्थ राजा जनकले अश्वमेध यज्ञ निमित्त त्यही तलाउको ठाउँमा हलो जोत्दा हलोको सियाबाट घडा निस्क्यो । राजा जनकले घडा खोलेर हेरे पछि कन्या शिशु भएको थाहा पाए । राजा जनकका अरू सन्तान नभएका कारण ती कन्याको पालन पोषण गरे । पछि गएर कन्याको नामकरण गरे । पहिले कन्याको जन्मको आधारमा "सिया" नाम राखे । पछि गएर "सीता" भन्ने गरियो । सीतालाई "जानकी" पनि भनिएको छ ।

सीताको जन्मसम्बन्धमा अनेक कथा रहेकाले यसै हो भन्न गाह्रो छ तर जनकपुरसँगको उनको सम्बन्ध भने अकाट्य छ । नेपालका राष्ट्रिय विभूतिमध्ये एक जनक हृस्वरोमाका पुत्र हुन् र जनकको पुराणप्रसिद्ध नाम शीरध्वज हो । राजा जनकको झण्डामा हलो चिन्ह रहेकाले उनको नाम शीरध्वज हुनपुगेको हो । यज्ञका लागि जमीन जोत्दा फालीको टुप्पाका कारण सीता प्रकट भएकीले जनकको नाम शीरध्वज हुनपुगेको अड्कल काट्न सकिन्छ । जनककी छोरी भएकी नाताले सीताको अर्को नाम जानकी हो ।

वशिष्ठ ऋषिको श्रापले मरेका राजा निमिको शव मन्थन गर्दा 'मिथि' जन्मिएका र उनको राज्य मिथिला बनेको उल्लेख पाइन्छ । मिथिलालाई विदेह पनि भनिने भएकाले विदेहकी छोरीको अर्थमा सीताको नाम वैदेही पनि छ । रामायण र याज्ञवल्क्यस्मृतिमा राजा मिथि अनुसार मिथिला नगरीको उल्लेख पाइन्छ भने मत्स्यपुराणमा चाहिँ मिथिल नाम गरेका ऋषिको चर्चा पाइन्छ । राजाका नामबाट होस् अथवा ऋषिका नामबाट मिथिला नाम ज्यादै प्राचीन भएकोमा शङ्का रहँदैन । जन्म नदिए पनि पालनपोषण गर्ने राजा जनक सीताका पिता र सुनैना माता हुन् ।

सीतामा सानैदेखि विलक्षण प्रतिभा थियो । शूरवीरले उचाल्न नसक्ने शिवधनु पूजाकोठाको सरसफाइका बेला उनी सजिलै वर, पर राख्ने गर्थिन् । यही शक्ति देखेर नै जनकले शिवधनुमा ताँदो चढाउन सक्नेलाई छोरी दिने वाचा गरेका हुन् । स्वयम्बरका बेलामा देशदेशावरबाट अनेक राजामहाराजा आए । रावण पनि आएको थियो तर शिवधनु हल्लाउन समेत सकेन । अयोध्याबाट आएका रामले उचाल्नासाथ धनु भाँचिन पुग्यो र धुमधामसाथ विवाह भयो । यो बिहेको सम्झना अद्यापि गरिँदैछ ।

एक दिन सीता बगैचामा एउटा रूखको छहारीमुनी बसिरहेको बेला रूखमा भएका सुगाका भाले पोथीहरू सीताको वर्णन गर्दै थिए । उनीहरू एक आपसमा सीता लक्ष्मीको अवतार भएको र यिनको विवाह भगवान् विष्णुको मनुष्य अवतार अयोध्या पति दरशरथका पुत्र रामसँग हुने कुरा गर्दै थिए । यो सुनेर सीताले आफ्ना सखीहरू सँग ती पंक्षीहरूलाई समातेर ल्याउने आज्ञा दिइन् । यो सुनेर सबैले सुगाको जोडीलाई समात्ने कोसिस गर्न थाले । भाले सुगा उडेर गयो तर गर्भवती भएका कारण पोथी सुगा उड्न सकिन । त्यसलाई सीताका सखीहरूले समातेर ल्याए । त्यस पछि सीताले रिसाएर सुगासित– 'राम भनेको को हो ? मेरा वुवाले मेरो विवाह शिव धनुष चलाउन सक्ने पुरूषसित गरिदिने निश्चय गरेका छन् । तिमीहरू जाबो पंक्षी भएर मेरो विवाह हुने पुरूषको तुलना गर्छौ ?' भनेर सोध्न लागिन् ।

यो देखेर भाले सुगा आएर गर्भवती भएका कारण पोथी सुगालाई छोडी दिने बिन्ती गर्न थाल्यो । तर सीताले पोथि सुगालाई नछोडेकाले पोथी सुगाको मृत्यु भयो । त्यस पछि भाले सुगाले सीतालाई गर्भवती अवस्थामा पति विछोडको श्राप दियो । त्यही सुगाको जोडीको पछि गएर अयोध्यामा धोबीको रूपमा पुनर्जन्म भयो । कालान्तरमा राजा जनकले सीताको स्वयंवर गराए । अयोध्या राजकुमार रामले राजा जनकको प्रतिज्ञा पुरा गरेकाले सीताको विवाह रामसँग भयो । उर्मिला, माण्डवी र श्रुतकीर्ति सीताकी बहिनी हुन् । यिनको बिवाह पनि क्रमशः लक्ष्मण, भरत र शत्रुघ्नसँग भएको हो ।

माइतीमा जस्तै घरमा पनि सीताले सबैको मन जितेकी थिइन् । रानी कैकेईको वचन हारेका राजा दशरथको आज्ञा अनुसार राम १४ वर्ष वन जाँदा जिद्धी गरेर सीता पनि सँगै गइन् । साथमा लक्ष्मण पनि गएका थिए । अत्रि ऋषिका आश्रममा हुँदा सीताले सती अनुसूयासँग पतिव्रता धर्म उपदेश लिएकी थिइन् । लक्ष्मणले नाक काटिदिएपछि शूर्पणखाले राम, लक्ष्मणलाई मार्न खर, दूषण र त्रिशिराको १४ हजार सैनिक ल्याए तर रामका प्रतापका अगाडि ती टिक्न सकेनन् । शूर्पणखाले दाजु रावणलाई उचाल्न पुगी ।

एकदिन राम वनमा गएका बखत 'मारिच'ले छल गरी रामकै स्वरमा लक्ष्मणलाई पुकार्दा सीता विह्वल भई लक्ष्मणलाई कर गरी त्यतै पठाउँछिन् । मौका ढुकिरहेको रावण जोगीको भेष गरी आएर लक्ष्मणले बनाएको रेखा पार गरेमात्र भिक्षा लिने बताउँछ । सीताले त्यसै गर्दा रावणको फन्दामा पर्छिन् । आकाशमार्ग हुँदै रावणले सीताहरण गर्दा अगाडि आएका जटायुलाई घाइते बनाई अशोक वाटिकामा पुऱ्याउँछ र अर्धाङ्गिनी बनाउन अनेक तिगडम चाल्नथाल्छ । सीताको सतीत्व डगमगाउन ऊ सफल हुँदैन । मन्दोदरी र त्रिजटाको कोमल वाणीले सीतालाई केही राहत पुग्छ ।

सीताको खोजीमा निस्किएका राम, लक्ष्मण सुग्रीवसँग मितेरी साइनो गाँसी वाँदर सेना तयार गर्छन् । रामद्वारा पठाइएका दूत हनुमानलाई देख्दा उनी दङ्ग पर्छिन् । सीता सतीसाध्वी भएकीले हनुमानको पीठमा बसेर पतिछेउ पुग्न अस्वीकार गर्छिन् । राक्षसद्वारा पुच्छरमा आगो लगाइएपछि हनुमानलाई लङ्कादहन गर्ने अवसर प्राप्त हुन्छ । रामको सेना समुद्र तरी लङ्कामा पुगेपछि भीषण युद्ध हुन्छ । मेघनाद, कुम्भकर्ण, रावण आदि सबै दुष्ट मारिन्छन् । सन्तस्वभावका विभीषणलाई लङ्काको राजा बनाइन्छ । सीता

रावणको कब्जामा रहेकीले रामले सहजै स्वीकार गर्दैनन् । अग्निपरीक्षामा सीता निष्कलङ्क ठहरिएपछि आफ्नो पतिका साथ पुष्पक विमानद्वारा अयोध्या पुग्छिन् । लोकापवादले त्यहाँ पनि उनलाई छाड्दैन । रामले सीतालाई पुनः वनबास पठाउँछन् ।

गर्भवती सीतालाई महर्षी वाल्मीकिको आश्रय प्राप्त हुन्छ । यहीँ उनले लव र कुश सन्तान जन्माउँछिन् । रामले अश्वमेध यज्ञ गर्दा घोडा समाउने बालक यिनै हुन् । सीताको आज्ञा पाएपछि मात्र घोडा छाड्छन् । दरबारमा यी बालकले रामायण सुनाउँदा राम विह्वल हुनपुग्छन् । आफ्नो छोरा भएको ज्ञान भएपछि सीताको खोजीमा दौडन्छन् । वाल्मीकिको आश्रममा पुगेर सीतालाई अयोध्या फर्कन भन्छन् तर त्यसपूर्व सतीत्वको किरिया खान आग्रह गरिएपछि सीता ज्यादै द्रवित हुन्छिन् र धर्तीमातासामु आफ्नो सतीत्व र पतिव्रता साँचो भए आश्रय दिन पुकार्छिन्, धर्ती फाट्छ अनि सीता धर्तीमाताको शरणमा सधैँ सधैँका लागि विलीन हुन्छिन् ।

यसरी धर्तीबाट जीवनलीला थालेकी सीताको धर्तीमा नै कथा समाप्त हुन्छ । धैर्य, संयम र विवेककी प्रतिमूर्ति सहनशीला सीताको यो आदर्शकथा संसारभरि

प्रसिद्ध छ । पुराणको सन्दर्भमा हेर्ने हो भने उनी बराबरकी आदर्शनारी कोही देखिँदैन । सीताको त्याग, परिश्रम र सच्चरित्रताकै कारण हुनुपर्छ– उनलाई भगवतीको दर्जा प्राप्त छ । उनको नामस्मरण गर्नामात्रले पनि जीवन धन्य हुने, परलोक सप्रने जनविश्वास छ । जगज्जननीको श्रद्धा, विश्वास र भरोसा हासिल गर्न सफल नारीव्यक्तित्व सीता नेपाल भूमिकी पुत्री हुनु हामी सबैका लागि महागौरवको कुरो हो ।❖

– मुलपानी, काठमाडौं

जेठ महिनाका पर्व तथा विदा

१ गते वृष सङ्क्रान्ति/गङ्गा सप्तमी व्रत
३ गते सीता जयन्ती/गोरखकाली पूजा
४ गते विश्व दूरसञ्चार दिवस
६ गते मोहिनी एकादशी व्रत
७ गते सोम प्रदोष व्रत
८ गते नृसिंह जयन्ती
९ गते युगकवि सिद्धिचरण श्रेष्ठ जन्म जयन्ती
१० गते बुद्ध जयन्ती/उभौली पर्व/चण्डेश्वरी जात्रा/चण्डी पूर्णिमा/कुर्म जयन्ती/गोरखनाथ जयन्ती/पूर्णिमा व्रत/बैशाख स्नान समाप्ति
१५ गते गणतन्त्र दिवस
१७ गते गोरखकाली पूजा
२० गते स्मार्तहरूको अपरा एकादशी व्रत/चित्तधर हृदय जन्मजयन्ती
२१ गते वैष्णवहरूको अपरा एकादशी व्रत/जातीय भेदभाव तथा छुवाछुत उन्मूलन राष्ट्रिय दिवस
२२ गते प्रदोष व्रत
२३ गते सिथि चःह्रे/विश्व वातावरण दिवस
२४ गते बटसावित्री व्रत/शनि जयन्ती व्रत
२५ गते गोसाइकुण्ड स्नान आरम्भ/दशहरा स्नान आरम्भ
२७ गते राष्ट्रिय कृषक दिवस
३० गते सिथि नखः
३२ गते गोरखकाली पूजा

श्रीरामकृष्ण तथा कर्मकाण्ड

-श्री महेन्द्रनाथ गुप्त श्री 'म'

भक्तियोग र कर्मयोग । ज्ञानको लक्षण

सीतींका पण्डितजी गए । साँझ पर्‍यो । काली मन्दिरमा देवताहरूको आरती हुन लाग्यो ।

श्रीरामकृष्ण देवताहरूलाई प्रणाम गरिरहनुभएको छ । सानो खटियामा बस्नुभएको छ । मन ईश्वर चिन्तनमा छ । केही भक्त आएर जमिनमा बसे । घरमा शान्ति छ ।



एक घण्टा रात बितिसकेको छ । ईशान मुर्खापाध्याय र किशोरी आए । उनीहरू श्रीरामकृष्णदेवलाई प्रणाम गरेर बसे । पुरश्चरण आदि शास्त्रोक्त कर्महरूमा ईशानलाई ठूलो अनुराग छ । उनी कर्मयोगी हुन् । अब श्रीरामकृष्ण कुराकानी गर्नुहुन्छ ।

श्रीरामकृष्ण- ज्ञान ज्ञान भनेर मात्रै हुन्छ ? ज्ञानका दुई लक्षण छन् । पहिलो हो- अनुराग, अर्थात् ईश्वरलाई प्यार गर्नु । केवल ज्ञानविचार मात्र गरिरहनु छ, परन्तु ईश्वरप्रति अनुराग छैन, प्रेम छैन भने त्यो मिथ्या हो । अर्को लक्षण हो- कुण्डलिनीशक्ति जाग्नु । कुण्डलिनी जबसम्म सुषुप्त रहिरहन्छ, तबसम्म ज्ञान हुन्न । बसेका छन्, पुस्तक पढिरहेका छन्, विचार गरेका छन् तर भित्र व्याकुलता छैन भने त्यो ज्ञानको लक्षण होइन । कुण्डलिनीशक्ति जागेपछि भाव, भक्ति र प्रेम, यो सबै हुन्छ । यसैलाई भक्तियोग भन्छन् ।

ईशान- म हाजरा महाशयकहाँ जान्छु ।

श्रीरामकृष्ण चुप हुनुहुन्छ । केही बेरपछि ईशान फेरि कोठामा आए, सँगसँगै हाजरा पनि थिए ।

श्रीरामकृष्ण चुपचाप बस्नुभएको छ । केही बेरपछि हाजराले ईशानलाई भने, हिँड्नुस्, अहिले यहाँ ध्यान गर्नुहुन्छ । ईशान र हाजरा गए । श्रीरामकृष्ण चुपचाप बस्नुभएको छ । केही समयपछि साँच्चिकै ध्यान गर्न लाग्नुभयो । औंलाहरूमा जप गरिरहनुभएको छ । त्यही हात एक चोटि शिरमा, अनि निधारमा अनि क्रमशः कण्ठ, हृदय र नाभिमा । भक्तहरूलाई लागेको छ, श्रीरामकृष्ण षट् पद्महरूमा आदिशक्तिको ध्यान गर्नुभएको छ । शिवसंहिता आदि शास्त्रहरूमा जो योगको कुरा छ, के त्यो यही हो ?

निवृत्तिमार्ग । वासनाको मूल-महामाया

ईशान हाजरासँग काली मन्दिर गइरहेका थिए। श्रीरामकृष्ण ध्यान गरिरहनुभएको थियो ।

रातिको साढे सात बजेको थियो होला । त्यसै बेला अधर आइपुगे । केही बेरपछि श्रीरामकृष्ण कालीको दर्शन गर्न जानुभयो । दर्शन गरेर पादपद्महरूको जल, निर्माल्य लिएर शिरमा धारण गर्नुभयो ।

मातालाई प्रणाम गरी प्रदक्षिणा गर्नुभयो र चामर लिएर व्यजन गर्नुभयो । श्रीरामकृष्ण प्रेममा मस्त भइरहनुभएको छ । बाहिर आउँदा देख्नुभयो, ईशान सन्ध्या गरिर हेछन् । श्रीरामकृष्ण (ईशानसँग)- के तिमी त्यस बेला आएदेखि सन्ध्योपासना गरिरहेछौ ? एउटा गाना सुन ।

ईशानको नजिकै बसेर श्रीरामकृष्णले मधुर स्वरले गाउनुभयो, 'गया, गंगा, प्रभास, काशी, काँची कसले चाहन्छ, यदि काली-काली भन्दै आफ्नो देह त्याग्न सके ? त्रिसन्ध्याका कुरा मानिसहरू गर्छन् तर ऊ यी सब केही चाहँदैन । सन्ध्या खुदै उसको खोजमा घुम्छिन् तर कहिल्यै सन्धि हुन पाउन्न । दया, व्रत, दान आदि 'मदन' लाई कुनै सुहाउन्न, ब्रह्ममयीकी चरणकमल नै उसको योगयज्ञ हो ।'

"सन्ध्या उति दिनसम्मका लागि हुन्छ, जबसम्म उहाँको पादपद्महरूमा भक्ति हुँदैन । उहाँको नाम लिँदा आँखामा जबसम्म आँसु आउँदैन र शरीरमा रोमाञ्च हुँदैन ।"

"रामप्रसादको एउटा गानामा छ, मैले युक्ति र मुक्ति सबै कुरा पाइसकेको छु । किनकि कालीलाई ब्रह्म जानेपछि

मैले धर्माधर्मलाई त्यागिदिएको छु ।"

"जब फल लाग्छ अनि फूल झर्छ । जब भक्ति हुन्छ, तबै ईश्वर भेटिन्छन्, अनि सन्ध्यादि कर्महरू स्वतः जान्छन् ।"

"गृहस्थकी बुहारीलाई जब बच्चा हुने हुन्छ, उसकी सासूले काम घटाइदिन्छिन् । नौ महिनाको गर्भ भएपछि त घरको काम छुनै दिन्नन् । बच्चा पैदा भएपछि त, ऊ बच्चालाई काखमा लिएर बसिरहन्छे र बच्चाको स्याहारसुसार गरिरहन्छे, उसका लागि गर्ने अरू कुनै काम रहँदैन । ईश्वरप्राप्ति भएपछि सन्ध्यादि कर्म छुट्छन् ।"

"तिमी यसरी मलिनो विस्तार तालले त्रिताल बजाइरह्यौ भने कसरी काम चल्छ ? तीव्र वैराग्य आउनुपर्छ । १५ महिनाको एक वर्ष बनायौ भने के हाल होला ? तिमीभित्र मानौँ तागत छँदै छैन, मानौँ भिजेको चिउरा जस्ता छौ । उठेर कम्मर कस । यसैकारण मलाई यो गाना राम्रो लाग्दैन, 'हरि को लागि लनी रे भाइ, तेरी बनत बनत बनी जाई ।' ' बनत बनत बनी जाई' भन्ने कुरा मलाई सधै सुहाउँदैन । तीव्र वैराग्य चाहिन्छ । हजरालाई पनि म यही भनेको हुन्छु ।"

"सोध्छौ, किन तीव्र वैराग्य हुँदैन ? यसमा रहस्य छ । भित्र सबै वासना र प्रवृत्तिहरूले भरिएको छ । यही कुरा म हाजरासँग भन्छु । कामार पुकुरमा खेतहरूमा पानी ल्याइन्छ । खेतहरूका चारैतर्फ डिल बनाइन्छ, यसैले कि कतै पानी बाहिर जान नपाओस् । माटोको डिल बनाइन्छ बीच-बीचमा नाली काटिएका हुन्छन् । मानिसहरू जपतप त गर्छन् तर उनको पछाडि वासना रहिरहेको हुन्छ । त्यही वासनाका नालीहरूबाट सबै निक्लेर जाने गर्छ ।"

"बंसी (बल्छी) द्वारा माछा समातिन्छ । बाँस त सोझो हुन्छ तर टुप्पो अलिकति झुकाइएको हुन्छ ताकि माछा समात्न सजिलो होस् । वासना माछा हो, यसैले मन संसारमा झुकेको हुन्छ । वासना नहुँदा मनको सहजै उर्ध्वगति हुन्छ, ईश्वरतर्फ ।"

"ठीक तराजुको काँटा जस्तो । कामिनी-काञ्चनको दबाब छ, यसैले माथिको काँटा तलको काँटासँग बराबरीमा रहँदैन, यसैकारण मानिसहरू योगभ्रष्ट हुन्छन् । तिमीले बत्तीको राँको दीपशिखा देखेका छौ होइन ? अलिकति हावा लाग्नेबित्तिकै चञ्चल हुन्छ । योगावस्था दीपशिखा जस्तै हुन्छ, जहाँ हावा लाग्दैन ।"

"मन तितरबितर भइरहेको छ । मनको एक भाग ढाका गएको छ, अर्को दिल्ली र मनको अर्को भाग कुच बिहारतर्फ गएको छ । त्यस मनलाई एक-एक गरेर एकै ठाउँमा राख्नुपर्नेछ । तिमीले यदि सोह्र आनाको कपडा किन्यौ भने कपडा बेच्नेलाई तिमीले सोह्रै आना दिनुपर्छ कि पर्दैन ? केही विघ्न रहनाले योग हुन सक्दैन । टेलीग्राफको तार यदि कतै अलिकति मात्र टुटेको छ भने तारबाट खबर जान सक्दैन ।"

"परन्तु संसारमा भए त के भयो ? सबै कर्मको फल ईश्वरलाई समर्पण गर्नुपर्छ । स्वयम् कुनै फलको कामना गर्नुहुन्न ।"

"तर एउटा कुरा छ । भक्तिको कामना गर्नु कामनाहरूमा पर्दैन । भक्तिको कामना, भक्तिका लागि प्रार्थना गर्न सक्छौ ।"

"भक्तिको तमोगुण ल्याऊ, आमासँग जोर गरेर भन । रामप्रसादको एउटा गानामा छ, 'यो आमा र छोराको झगडा हो, ठूलो झगडा मच्चिएको छ । हेर आमा, म आफूलाई तिम्रो काखमा बसाल्नेछु अनि मात्र तिम्रो पिण्ड छोडौँला ।' त्रैलोक्यले भनेको थियो, 'म जब परिवारमा जन्मेको छु त मेरो हिस्सा पनि जरूर लाग्नेछ ।"

"अरे, उनी त तिम्री आफ्नै आमा हुन्, कतै बनिबनाऊ कि आमा हुन् र ? न धर्ममाता नै हुन् ।

आफ्नो जोर उनमा नचले कसमाथि चल्छ त ? भन, आमा, म तिम्रो आठ महिने बच्चा हुँ र तिमीले आँखा तर्दैमा म डराउने ? तिम्रो स्वामी शिवले दिनुभएको सौगात मैले हृदयमा धारण गरेको छु, यसपालि त श्रीनाथजीको इजलासमा नालिस गर्नेछु र एउटै सबालमा मुद्दा जित्नेछु ।"

"आफ्नी आमा हुन्, जोर लगाऊ । जसको जसमा सत्ता आउँछ, उसको त्यसमा आकर्षण पनि हुन्छ । आमाको सत्ता हामीभित्र छ, यसैले त आमातर्फ यतिविधि आकर्षण हुन्छ । जो यथार्थ शैव हो, उसले शिवको सत्ता पनि पाउँछ । केही कण ऊभित्र आउँछन् । जो यथार्थ वैष्णव छन्, नारायणको सत्ता उनीभित्र आउँछ । अनि अब त तिमीलाई विषय कर्म पनि गर्नुपर्दैन, अब केही दिन उहाँकै चिन्ता गर । देखी त हाल्यौ, संसारमा केही पनि छैन ।"

"अनि तिमी बिचौलिया हुन्छौ, मुखियापन लिन्छौ । यी सब किन गर्छौ ? मैले सुनेको छु, तिमी मानिसहरूको

मुद्दाको फैसला गर्ने गर्छौ रे ? तिमीलाई मानिसहरू मुखिया मान्छन् । अब यी त तिमीले धेरै दिन गरिसक्यौ । जसलाई यी सबै गर्नु छ, उनीहरू नै गरून् । तिमी यसबखत उहाँको पादपद्महरूमा बढी ध्यान लगाउने गर । किन कसैको बोझ आफ्नो टाउकोमा लिन्छौ ?"

"शम्भुले भनेको थियो, अस्पताल र औषधि-पसल बनाउनेछु । ऊ भक्त थियो । यसैले मैले भनेँ, ईश्वर-दर्शन भएपछि के उहाँसँग अस्पताल र दबाखाना नै माग्छौ ?"

केशव सेनले सोधे, "ईश्वरको दर्शन किन हुँदैन ?" मैले भनेँ, "लोक-मर्यादा, विद्याको अहं यी सबै लिएर बसेका छौ, यसैले हुँदैन । बच्चा जबतक खेलौना लिएर बस्छ, त्यसबखतसम्म आमा आउन्नन् । केही बेरपछि खेलौना फ्याँकेर बच्चा जब चिच्याउन थाल्छ, बसालेको तावा उतारेर आमा दौडँदै आउँछिन् ।"

"तिमी पनि मुखीयायी गरिरहेका छौ । आमा सोचिरहनुभएको छ, मेरो बच्चा मुखिया बनेर राम्रैसँग बसिरहेछ, बसोस्, बेसै छ ।"

ईशानले श्रीरामकृष्णको चरण-स्पर्श गर्दै विनयपूर्वक भने, "म आफ्नो इच्छाले यी सबै गर्दिनँ ।

श्रीरामकृष्ण- यो कुरो म जान्दछु । यो माताकै खेल हो, उहाँकै लीला हो । संसारमा फँसाइराख्नु, यो महामायाकै इच्छा हो । कुरा यो हो कि संसारमा कति कसो नाउहरू तैरिरहन्छन् र डुबिरहन्छन् । अनि कति कसो चङ्गाहरू उडिरहन्छन्, तिनमध्ये एक-दुई मात्र काटिन्छन्, त्यसबखत आमा हाँस्दै ताली पिट्नुहुन्छ । लाखौँमा कतै दुई-एक मुक्त हुन्छन् । अरू बाँकी रहेसहे सबै आमाका इच्छामा बाँधिएका छन् ।"

"चोर-चोर खेल तिमीले देखेका छौ कि छैनौ ? (डुम) ढाइको इच्छा हुन्छ, खेल चलिरहोस् । यदि सबैजना गएर ढाइलाई छोइदिए भने त खेल बन्द भइहाल्यो । यसैले ढाइको इच्छा हुँदैन कि उसलाई सबै केटाकेटीले छोइदिऊन् ।"

"अनि हेर, ठूल-ठूला दोकानहरूभित्र माथि-माथि छतसम्म चामलका बोराले भरिएका हुन्छन् । चामल पनि रहन्छ र दाल पनि तर कतै मुसाहरूले नखाइदिऊन् भनेर दोकानदारले कोठाको ढोकैमा डालोमा धानका लावा अलग्गै राखिदिन्छ र केही सखर पनि मिलाइदिएको हुन्छ । त्यसैले खाना मीठो हुँदा र वासना आउँदा सबै मुसाहरू त्यही डालोमा कुस्ती खेल्छन् र भित्रका ठूला-ठूला बोराहरूको खोजी गर्दैनन् । यस्तै जीवहरू कामिनी-काञ्चनमा मुग्ध रहन्छन् र ईश्वरको खबर राख्दैनन् ।" क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त मैतीदेवी

स्रोतः श्रीरामकृष्ण वचनामृत

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो। यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं। हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं। जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं। आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं। सेवा नै सबैभन्दा ठूलो धर्म हो।

जय गौमाता !

नन्दी सेवा स्थल

मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्कः ९८०८२९७४८५, ९८४१२०४००६

वैदिक दृष्टिकोणमा
समाज विकासक्रम र ज्ञानसत्ता

डा. निर्मलमणि अधिकारी

अघिल्लो अंकबाट क्रमशः

शरीर अनित्य छ । जुन वस्तुको जन्म हुन्छ, त्यसको मृत्यु पनि हुने निश्चित भएकाले शरीर विनाशी छ । यस्तो आदि र अन्त्य भएको शरीर परम् सत्य हुन सक्दैन । इन्द्रियहरू पनि नाशवान् हुन् । वस्तुतः शरीर आत्माको साधन मात्र हो । आत्मा नित्य र अविनाशी छ । यो न कहिल्यै जन्मिन्छ, न त कहिल्यै मर्छ, यो त अजन्मा, अविनाशी, प्राचीन र सनातन हो । हामी जो मृत्यु भएको भन्दछौं, त्यो त मानिसले पुराना फाटेका लुगाहरू त्यागेर नयाँ लुगा लगाएझैं वा सर्पले काँचुली फेरेझैं आत्माले आफ्नो वासस्थान फेरेको हो । जबसम्म विषय-वासनाबाट मन विरत हुँदैन, तबसम्म यस्तो प्रक्रिया चलिरहन्छ-जसलाई पुनर्जन्म भनिन्छ । तर आत्मज्ञान प्राप्त भइसकेपछि पुनः जन्मने कुनै प्रयोजन नै बाँकी नरहने हुनाले पुनर्जन्म हुँदैन । मानिसको जन्म ठूलो पुण्यले मात्र मिल्ने हुनाले यसलाई मोक्ष पाउनको लागि सदुपयोग गर्नैपर्दछ ।

भौतिक सुखलाई हामी निषेध गर्दैनौं, प्रत्युत महत्त्वपूर्ण ठान्दछौं । हिन्दु जीवनमा मोक्षप्रतिको अत्याधिक आग्रहको अर्थ भौतिक जगत्प्रतिको निरपेक्षता होइन । इन्द्रियजन्य मोह वा भ्रमप्रति अनिच्छा भएतापनि मानव चेतनाप्रति वैदिक मतमा अगाध श्रद्धा रहेको छ । वैदिक हिन्दु अवधारणामा पञ्चतत्त्वबाट बनेको शरीर त मोक्षको साधन हो; जुन साधन त्यति महान् लक्ष्यकालागि सहायक बन्नेवाला छ, त्यसलाई पापमय कसरी मान्न सकिन्छ र ! क्षणभंगुर भएतापनि यसले मोक्षको प्राप्तिमा पुऱ्याएको सहयोगप्रति कृतज्ञता भाव रहेकै हुन्छ एक आदर्श हिन्दुमा ।

नेपालमा प्रचलित म्हपूजा हेरौं वा मष्टपूजा हेरौं- मानव देह र चैतन्यको समुचित महत्त्वलाई बुझाउने राम्रो उपक्रम त्यहाँ देखिन्छ । शरीरमाद्यं खलु धर्म साधनम् । शरीरमा मात्रै नअल्झनू, तर शरीरको दिव्यतालाई पनि जान्नू । यस्तो कृतज्ञता भाव रहन्छ हिन्दु जीवन पद्धतिमा ।

पुरूषार्थ-चतुष्टयका रूपमा मोक्ष चरम् प्राप्ति अवश्यै हो; मानव जीवन पाएर पनि मोक्ष नपाउनेले महानतम् अवसर गुमाएको ठानिन्छ; किन्तु त्यस शृंखलामा अर्थ, काम र धर्म पनि छन् भन्ने हामीले भुल्नु हुँदैन । अर्थ र काम भौतिक उन्नतिको कसीका रूपमा रहेका छन् भने धर्म भौतिक र आध्यात्मिक उन्नतिको सेतुका रूपमा रहेको छ । अवश्य नै धर्मले परलोक सुधार्छ; तर धर्मको ध्येय त्यतिमात्रै चाहिँ हुँदैहोइन । 'इहलोक' पनि यसले सुधार्नु पर्दछ र सुधार्दछ पनि । यदि यसले 'इहलोक' सुधार्न नसक्ने हो भने यसको उपादेयता नै प्रश्नको घेरामा पर्दछ ।

अस्तित्वबारे चिन्तन नै दर्शनशास्त्रको मूल प्रश्न हो भनेर मान्नेहरूको ठूलो तर्क के रहेको छ भने भौतिक र अभौतिक तत्त्वहरूको उत्पत्तिको कारण, तिनीहरूको अन्तर्सम्बन्ध, अभौतिक तत्त्व अर्थात् चेतनाको प्रकृति, पदार्थ र चेतनाले सामाजिक जीवनमा पार्ने प्रभाव जस्ता सवालहरूको समाधान नगरी जीवन र जगत्को समुचित ज्ञान हुन सक्दैन । दर्शनशास्त्रको विषयवस्तुमा भौतिक र अभौतिक दुइटै तत्त्वहरू समावेश छन् । यस्तो हुनु नै स्वाभाविक हो ।

अर्थात्, दर्शनको दायरामा जीवन र जगत्का सबै विषयवस्तु पर्छन् । उदाहरणका लागि, धर्म र विज्ञान दुईटैलाई दर्शनशास्त्रको विषयवस्तु मानिन्छ । 'धर्म' र ' विज्ञान'बीचको अन्तरसम्बन्ध कस्तो हुन्छ वा हुनु पर्ने हो भन्ने बारेमा धेरै चिन्तन-मनन भइसकेको छ । यो यस्तो विषय हो, जसबारेमा आउँदा दिनहरूमा अझै बढी चर्चा-परिचर्चा हुनेछ । यदि नहुने छाँटकाँट देखिएमा समाजका विद्वत्जनले यस सम्बन्धमा हल्लाखल्ला मच्चाइहाल्नु पर्दछ । कुनै युगमा पनि मानवलाई 'धर्म' र 'विज्ञान'को आलोकबाट पर रहन दिनु हुँदैन । धर्म र विज्ञानको सम्बन्ध सातत्यको सम्बन्ध हो । यिनका स्वरूप तथा यी दुईबीचको

अन्तरसम्बन्ध सर्वसाधारण जनसमुदायलाई बोध भई मानिसले वैज्ञानिकतायुक्त धर्म एवम् धार्मिकतायुक्त विज्ञान अवलम्बन गरेको दिनमा हाम्रो संसारका सबै समस्याहरू समाधान हुनेछन् भनेर विश्वस्त बन्न सकिन्छ । मानिसले पल–पल वास्ता गर्नु पर्ने, तर त्यतिधेरै चासो दिन नसकेका विषय–वस्तु हुन् 'धर्म' र 'विज्ञान' ।

धार्मिकता र वैज्ञानिकता, दुबैको लक्ष्य सत्य उद्घाटन गर्नु नै हो । 'धर्म' र 'विज्ञान' प्रक्रियागत रूपमा कसरी फरक छन् भने, विज्ञान भौतिक जगत्को जगमा स्थित जिज्ञासाको घरमा बसेर सत्यको अन्वेषण गर्दछ भने धर्म आन्तरिक रूपमा आत्मामा प्रतिष्ठित भएर सत्यको साक्षात्कार गर्दछ । अर्को तरिकाले भन्नु पर्दा, धर्म प्रायः शाश्वत सत्यको उद्घाटनप्रति बढी झुकाउ राख्दछ भने विज्ञानलाई पहिले सापेक्ष सत्य जान्ने चासो पर्दछ । विज्ञानको पनि संतृप्त अवस्थामा पुग्नु पर्ने ठाउँ त्यहीँ हो, जहाँ धर्मले लैजान्छ ।

यहाँनेर ज्ञातव्य कुरा के छ भने दार्शनिकहरू विविध प्रकारका छन्ः कोही शाश्वत सत्यको उद्घोष गर्नेहरू; अनि कोही सापेक्ष सत्यको उद्घोषण गर्नेहरू । शाश्वत सत्य उद्घोषण हो धर्मको क्षेत्र; यता सापेक्ष सत्य उद्घोषण विज्ञानको क्षेत्र हो । शाश्वत सत्यलाई समयको प्रवाहले कुनै फरक पार्दैन; त्यसैले अनेक युगमा जति ऋषि, सन्त, महात्मा, ज्ञानी, गुरू, आचार्य, योगी अवतरित भए पनि तिनीहरूले बारम्बार उही कुरा दोहोऱ्याउने गरेका हुन् । वेदपश्चात् आएका उपनिषद्कालीन ऋषिदेखि लिएर तिनका उत्तरवर्ती बुद्ध, तीर्थङ्कर, गुरू, सबैले उनै कुरा बताइरहेका छन्; यद्यपि शैली फरक छ, भाषा फरक छ, हावभाव फरक छ । तर गुदी कुरो उही हो । कन्फ्युसियस, लाओत्जू, जरथ्रुस्त, जीसस क्राइस्ट, पैगम्बर मुहम्मद, ओशो, कृष्णमूर्ति, साईबाबा, ब्रह्माकुमारी जो कसैले पनि भनेको गुदी कुरो त उही हो; परन्तु भन्नेका शैली र ग्रहण गर्नेका ल्याकतले पो फरक पारेको छ । यता भौतिक विज्ञानका महारथीहरूका प्राप्तिका सार पनि ती भन्दा फरक छैनन् ।

सापेक्षसत्यका अनुयायीहरू युगानुसार प्रासंगिक वा अप्रासंगिक ठहरिने हुन्छन् । हिजोका वैज्ञानिकका सिद्धान्त र सूत्रहरू आज मिल्दैनन् र आजका सिद्धान्त र सूत्रलाई भोलिका वैज्ञानिकले अझ विकास गर्नेछन् । धर्मकै नाममा आएका भए तापनि असत्य कुराहरू समयक्रममा त्यागिँदै छन् । तिनमा रहेका शाश्वत सत्य मात्र सदैव स्वीकार्य रहने हुन् । वास्तवमा सापेक्ष सत्य र शाश्वत सत्य बीचमा तालमेल मिलाउन कठिन छ । तर नमिलाई सुखै छैन । युगका अगुवाहरूले 'शाश्वतसत्य' र 'सापेक्षसत्य' दुबैको गतिसँग आफ्नो हिंडाइलाई तालमेल मिलाउनु पर्दछ । हाम्रो युगलाई पनि त्यसकिसिमको तालमेलको आवश्यकता छ ।

धर्म र विज्ञान यी दुबैको लक्ष्य उन्नति, प्रगति, विकास र सुख नै हो; अनि मानव कल्याण र शान्ति नै हो । सफलता–असफलता तथा सदुपयोग–दुरूपयोग चाहिँ पछिल्ला कुरा हुन् । उदाहरण खोज्न थाल्ने हो भने धर्मको पनि सदुपयोग र दुरूपयोग दुवै थोक गरेको पाइन्छ भने विज्ञानको पनि सदुपयोग र दुरूपयोग दुवै थोक गरेको पाइन्छ । कुनै उदाहरण विशेषलाई औंल्याएर छारो उडाइरहनु र त्यसैलाई सार्वजनीन ठान्नु मूर्खता हो । यो त पात्रता अनुसार फरक पर्ने कुरा हो । वास्तविकतामा धर्म र विज्ञानबीचमा कुनै मौलिक विरोध छैन । धर्म र विज्ञानको सम्बन्ध सातत्यको सम्बन्ध हो ।

मानवलाई धर्म र विज्ञान दुबैले अरू सबै जीवभन्दा उच्चतहमा राखेका छन् । यो मानव शब्द बनेको छ तीन अक्षर मिलेर । मा- अज्ञान, अविद्या । न- विना । व- वर्तन (कार्य) । अर्थात्, अज्ञान–अविद्या त्यागेर कार्य गर्नेलाई मानव भनिएको छ । अज्ञान त्याग्नु भनेको ज्ञान प्राप्तितर्फ लाग्नु हो, ज्ञान प्राप्त गर्नु ज्ञानी बन्नु हो, ज्ञानी बन्नु भनेको आफू र आफ्नो जगत् तथा त्यसको कारण जान्नु हो । यसरी आत्मज्ञानको स्थितिमा पुगेपछि आत्मज्ञान नै परमात्मा- ज्ञान (ईश्वरप्राप्ति) को सोपान हो र ईश्वर वा ब्रह्मतत्त्व साक्षात्कार गर्नु नै परमसत्य हो । मानवको परमलक्ष्य 'मोक्ष' हो ।

हाम्रा धर्मशास्त्रहरूले बारम्बार हामीलाई बताइरहेका छन्- धर्म नै सत्य हो । धर्मविना मानव व्यर्थ छ । अनि त्यो वैज्ञानिक, जसको लक्ष्य नै जीवन र जगत्को सत्य अन्वेषण गर्नु हो, कसरी परमसत्य ब्रह्मतत्त्वबाट पर रहन

सुहाउँछ ? उसको खोज नै सत्यतर्फ परिलक्षित हुनेहुँदा ध्रुवसत्य एवम् परमसत्य परब्रह्मलाई वैज्ञानिकले नकार्न मिल्दैन । धर्मको शुद्ध स्वरूप र विज्ञानको पनि शुद्ध स्वरूप छर्लङ्ग हुँदा धर्म र विज्ञानको एकत्व सहजै दृष्टिगोचर भइहाल्छ । धर्मले मान्छेको आध्यात्मिक, आधिदैविक, आधिभौतिक अभ्युदय गराउँछ । विज्ञान यो दायराभन्दा बाहिर छैन ।

धर्म शब्द 'धृ' धातु (धारणा गर्नु)बाट निष्पन्न भएको हो । यसबाट देखिन्छ कि धर्मको अर्थ धारणा हो जसले हामीलाई जीवनकोलागि धारणाहरू प्रदान गर्दछ । ती धारणाहरूको फलस्वरूप मान्छेको जीवन पतनबाट बच्दछ । धर्मले हामीलाई नराम्रा काम-कुराबाट बच्ने ज्ञान दिन्छ । धर्मले मानवलाई राम्रा नियम, राम्रा गुण, असल विचार र दृष्टिकोण अपनाउन भन्छ; अनि नराम्रो काम गर्नबाट रोक्छ । धर्मज्ञानको धेरै भाग नैतिक-चारित्रिक शिक्षायुक्त छ । संसारमा जतिपनि धर्म छन्, तिनको एउटा मुख्य उद्देश्य मानवको चरित्रको उत्थान हो । जस्तोकि ऋग्वेदमा जीवनका शाश्वत मूल्यहरूको स्थापना एवम् अवलम्बन गर्न धर्मले प्रेरणा दिन्छ । अनि, मनुस्मृतिमा धर्मको लक्षण बताइएको छ कि धैर्य, क्षमा, दम ('विषय-वासना' हटाउनु), अस्तेय, शौच, इन्द्रियनिग्रह, धी (बुद्धि), विद्या, सत्य र अक्रोध यी धर्मका दश लक्षण हुन् । यसमा कुनै सम्प्रदायवालाले आपत्ति जनाउनु पर्ने वा अस्वीकार गर्नुपर्ने के छ र ! महर्षि कणाद जब भनिरहेका हुन्छन्कि जसबाट अभ्युदय, उन्नति या कल्याण हुन्छ तथा मुक्ति प्राप्ति हुन्छ त्यही धर्म हो (यतोभ्युदयनिःश्रेयससिद्धिः स धर्मः)- तब कहाँनेर छ विवाद/ अस्वीकार गर्नुपर्ने ठाउँ ?

धर्म र विज्ञानको समन्वय अबका दिनहरूमा झन् झन् अत्यावश्यक देखिएको छ । सबभन्दा महत्त्वपूर्ण सवाल के हुनसक्छ भने धर्मले मानव समुदायलाई भविष्यमा कस्तो योगदान पुऱ्याउला ? त्यही योगदानमा नै यसको महत्त्व पनि प्रष्टिएला । धर्म र विज्ञानकाबीचमा सामञ्जस्यले मानव जातिमा प्रकाशमय प्रभाव पार्नेछ । दर्शनशास्त्रको भूमिका यसमा के रहन्छ त ? यो बडो विचारणीय प्रश्न छ ।

वास्तवमा धर्म र विज्ञानको समन्वय नभई पुरूषार्थ चतुष्टयको पूर्ण-प्राप्ति हुँदैन । वैदिक परम्पराका दर्शन-शास्त्रको विशेषता छकि यी मनुष्यका आधिभौतिक, आधिदैविक, आध्यात्मिक सबै तहलाई सम्बोधित गर्दछन् । धर्म र विज्ञानको ऐक्यता, सहकार्य, सह-अस्तित्व, सामञ्जस्यताले मानव समुदायको हित हुने कुरामा विश्वस्त हुन सकिन्छ । आजको पुस्ताको हरेक व्यक्तिले यसैको निमित्त प्रयत्न गर्नु उसको 'युगधर्म' हो ।

योग, प्राकृतिक चिकित्सा, आयुर्वेद र जीवन विज्ञान वा अन्य केही संज्ञा दिएर वर्तमान युगमा जति पनि प्रयत्नहरू गरिँदैछन्, तिनीहरूले हाम्रा प्राचीन ज्ञान पद्धतिलाई वर्तमान परिप्रेक्ष्यमा व्यवहारमा अवलम्बन गर्न गराउन खोज्दैछन् । शरीर, मन र आत्माको सातत्यको सम्बन्धलाई बोध गर्न सके र सोही अनुसारको पद्धति कार्यान्वयन गर्न सके भने योग, प्राकृतिक चिकित्सा, आयुर्वेद, जीवन विज्ञान आदि क्षेत्रका साधकहरूका जीवनमा कल्याणकारी एवम् सुखद् प्रभाव पर्ने सुनिश्चित देखिन्छ । दर्शनशास्त्रको भूमिका मानव जीवनको प्रायोगिक पाटोमा कहाँनेर छ भनेर सोधखोज गर्ने वा परख गर्ने प्रवृत्ति बढ्दो छ जसले विचार र आचारको सातत्यको सम्बन्ध मागिरहेको छ ।❖

(सम्प्रतिः काठमाडौँ विश्वविद्यालय, भाषा तथा आमसञ्चार विभाग, हात्तीवन, ललितपुर, नेपाल)

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला-

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

श्रीपशुपतिनाथ र बौद्धदर्शन

-डा. भरतप्रसाद बडाल

श्रुतिको आधारमा निर्मित तथा विभाजित सनातन धर्मालम्बीहरूको पहिलो ग्रन्थ, विश्वकै पहिलो पुस्तक वेद लगभग २००० विक्रमसम्वततिर नेपालको तनहुँ जिल्लाको व्यास नगरपालिकामा लेखिएको हो। वेदमा लेखिएका केहि ऋचाहरूमा असहमति जनाउँदै वेदका विपक्षमा पनि केहि दर्शनहरू स्थापित भएका छन्। यद्यपि शैव, शाक्त, वैष्णव, बौद्ध, जैन, सौर, गाणपत, नाथ, सिख सबै आदिकाल देखिका प्रमुख सम्प्रदायका भक्तजनहरूका लागि पशुपति क्षेत्र सदैव समान आस्था एवम् श्रद्धाको केन्द्र बनेको छ।

पशुपति क्षेत्रमा विभिन्न सम्प्रदायका विभिन्न स्मारक, मठ मन्दिर, चैत्य गुम्बा एवम् पूजास्थल तथा विभिन्न अखडा पनि रहेका छन्। त्यसैले भगवान् पशुपतिनाथ सम्पूर्ण दर्शनहरूको एकीकृत दर्शन हो। सृष्टि, स्थिति र प्रलय (Universal Truth)को एकाकार प्रतीक नै भगवान् श्रीपशुपतिनाथ हो। शून्यताको प्रतीक नै शिव हो।

शव शब्दमा इकार प्रयोग भएपछि शिव हुन्छ। अर्थात् शवमा शक्ति प्रवाह भएपछि शिव हुन्छ, शव शून्य हो। शून्यमा तरंग उत्पन्न हुन्छ। स्टेफन हकिन्सका अनुसार शून्यमा तरंग जम्मा हुन्छ र समयान्तरमा यसको विष्फोट हुन्छ। यो विष्फोट नै बिग ब्याङ्ग हो।

हिरण्यगर्वमा ओमकारको तरंग पैदा हुन्छ। तरंग भनेको शक्ति हो। हिरण्यगर्वमा शक्तिको प्रवेश हुनुपूर्व यो शान्त हुन्छ। शान्त हिरण्यगर्व भनेको शव सरह हो। जब यसमा शक्तिको प्रवेश हुन्छ तरंग पैदा हुन्छ। ठुलो आवाजका साथ शून्यमा हुने विष्फोट रौद्रस्वरूप हुन्छ। यो विष्फोट नै शिवको प्रस्फुटन हो। प्रष्फुटन हुनु अघि शक्तिलाई सन्तुलन गरी शान्त रहेको शून्य ध्यानमुद्रा नै भगवान् शिवको प्रादुर्भाव हो। बुद्ध शान्ति हो। बौद्ध दर्शनका मुख्य तत्त्वहरू शून्यतावाद, प्रतित्यस्मुत्पाद, अनित्यतावाद, अनिश्वरवाद तथा अनात्मवादको तार्किक विश्लेषण गरिएको छ।

शून्यतावाद

जब मन पूर्ण शान्त हुन्छ। शान्त मनमा शुद्ध पवित्र तरंग पैदा हुन्छ। विचार उत्पन्न हुन्छ। विचारले मार्ग निर्धारण गर्छ। मार्ग निर्देशित दृष्टिकोणले सृष्टि गर्छ। सृष्टिको वृद्धि विकास हुन्छ। सृष्टिको रूप परिवर्तन हुन्छ। र अन्त्यमा त्यो शव अर्थात शून्यमा बिलाउँछ। यो धर्तिको फूल यहि धर्तिमा बिलाउँछ। शून्यमा भएको सृष्टि शून्यमै बिलाउँछ। यसै तथ्यलाई बौद्धधर्म दर्शनका विद्वान् नागार्जुनले शून्यतावादको सिद्धान्त भन्नुभएको छ।

सद्‌गुरूका अनुसार शान्त सौम्य भव्य ध्यानमय आदियोगी शिवको ११२ आयाम मध्ये भगवान् बुद्धको दर्शन

शूयतावाद एक प्रमुख आयाम हो । शून्यबाट १, २, ३, ...हुँदै अनन्त हुन्छ । अनन्तकै अर्को स्वरूप शून्य हो र फेरी शून्यबाट अनन्तको यात्रा निरन्तर चलिरहन्छ । यहि अनन्त शून्यताको यात्रा नै शुन्यतावाद हो । शिव नै शून्य हो, शिव नै अनन्त हो । यहि शून्यतावाद नै भगवान् बुद्धको दर्शन हो ।

प्रतित्यसमुत्पाद

जीवनमा दुःख छ । दुःखको कारण छ । यो दुःखको निवारण छ । सुखको मार्ग छ । भगवान् बुद्धको चार आर्य सत्य यहि हो । हरेक जीवनको सृष्टिको कारण छ, त्यो कारणले नै यो सृष्टि भएको छ । यो सृष्टिको कारणले नै त्यो हुन्छ । त्यो कार्यको कारण यो र यो कार्यको कारण फेरि अर्को हुन्छ । यसलाई कार्यकारणको सम्बन्ध पनि भनिन्छ । भय, निद्रा, आहार, मैथुन जनावर र मानिसमा समान छन् तर मानिसमा माया, मोह, मन, बुद्धि र अहंकार थप छ । माया मोहले मानिस पशु भैँ पाशले बेरिएको छ । मायारूपी अन्धकारमा रूमलिएको छ ।

तमसोमा ज्योतिर्गमय– सब अन्धकार छोडेर उज्यालोतर्फ अगाडि बढ्नु पर्छ । आफ्नो ज्योति आफैं बन्नु पर्छ– आप्प दिपो भवः । सत्य एक छ । ज्ञान एक छ । परिवर्तन नित्य छ । केहि नित्य छैन । अनित्य छ । त्यसैले पशु भैँ बाँधिएका पाशहरूबाट मुक्ति पाउनु पर्छ । एउटा पाशले अर्को पाश, अर्को पाशले, अर्को पाश गर्दागर्दै जीवन पशु भैँ भएको हुन्छ । पशोः पाशास्य पत्युस्च तत्त्वत्वोकस्ति पदम परम्– श्रीपशुपतिनाथ हुनुहुन्छ ।

अनित्यतावाद

न पापं, न पुण्यं, चिदानन्दरूपं शिवोहम शिवोहम अर्थात्, न पाप छ, न पुण्य छ, छ त केवल सत, चित्त र आनन्द– सचितानन्द । छ त केवल मुक्ति अर्थात् मोक्ष अर्थात निर्वाण । यो सृष्टिका सबैको अन्त्य निश्चित छ । अर्थात् केहि नित्य छैन । सब अनित्य छ । यहि अनित्यताको प्रतीक चैं नित्य छ । सृष्टि, स्थिति र प्रलयको प्रतीक सत्य छ । कुनै पनि भौतिकता नित्य छैन । जन्मेको मर्छ । सिद्धार्थ गौतमको जन्म भयो र उनको मृत्यु भयो तर गौतम बुद्ध नित्य भए, बुद्धत्व अथवा शिवत्व नित्य हुन्छ ।

सबैको अन्त्य हुन्छ तर ज्ञानको अन्त्य हुँदैन । ज्ञान भनेको सत्य हो । सत्यको अन्त्य हुँदैन । सबैको अन्त्य भए पनि ज्ञान अर्थात बुद्धत्वको अन्त्य हुँदैन । शिवको जात रहेन, गोत्र रहेन, थर रहेन, वर्ण, लिंग, वर्ग केहि रहेन सब सिध्यो । भगवान् भोलेबाबाको के जात के धर्म के वर्ण के लिंग सब समान केहि छैन । जे हुन्छ अर्थात् जे उत्पन्न हुन्छ त्यो परिवर्तन हुँदै मर्छ ।

अनिश्वरवाद

ईश्वर विश्वास हो । यदि कसैलाई ईश्वर छ भन्ने विश्वास लाग्छ भने ईश्वर छ । तीनलोक, चौंध भुवन, सृष्टि (ब्रह्मा), स्थिति (विष्णु), प्रलय (शिव), लोकेश्वर, बज्रपाणी, तारा, सख्व, इन्द्र, स्वर्ग, नर्क, सुखावती भुवन, रत्नावती भुवन, इन्द्रलोक, बैकुण्ठलोक, शिवालोक इत्यादि सब छन् । जस्तो दृष्टि उस्तै सृष्टि हुन्छ ।

यदि कसैलाई भगवान् छैन जस्तो लाग्छ भने भगवान् छैन । कामलोक, रूपलोक, ब्रह्मलोक, अरूपलोक यी सब भ्रम हुन् । अर्कोतर्फ ईश्वरतत्त्व अथवा भगवद्तत्त्व अथवा बुद्धत्व प्राप्त गर्ने शास्त्र अध्ययन गर्नु पर्छ । ध्यान जप योग साधना गर्नु पर्छ । सामान्य लौकिक जीवनमा यो मार्ग कठिन हुन्छ । निराकार परम सत्य बुझ्न सजिलो छैन । त्यसैले बुद्धले सजिलो आर्य अष्टांगिक मार्ग बताउनु भएको छ । यहि मार्गको नियमित अभ्यासले त्यहि बुद्धत्व अथवा देवत्व प्राप्त हुन्छ । उच्चस्तरको मानवीय कर्म गर्ने मानव नै कालान्तरमा देवता बन्ने हो ।

सत्य एक छ– सृष्टि, स्थिति र प्रलय । भूमि, जल, अग्नि, वायु र आकाश छ । यसैको समिश्रणलाई प्रकृति भनिन्छ । जब प्रकृतिमा चेतनाको प्रवेश हुन्छ– शरीरमा प्राणको प्रवेश हुन्छ अनि बल्ल जीवन चक्र शुरू हुन्छ । शवमा ईशको प्रवेशले शिव प्रादुर्भाव हुन्छ । सत्यम शिवम सुन्दरम– शिव यहिं छ । तर कहाँ र कस्तो छ ? त्यो देखिएको छैन । त्यसैले ईश्वर छैन तर सत्य छ । बुद्ध छैन शिव छैन तर बुद्धत्व छ शिवत्व छ ।

अनात्मवाद

ईश्वर छ भने आत्मा पनि छ र ईश्वर छैन भने आत्मा पनि छैन । परमात्मा छ भने आत्मा छ परमात्मा छैन भने आत्मा पनि छैन । आत्मा छ भने कस्तो कुन तौलको कुन अंगमा कता छ ? आत्मा छैन भने के हो त्यो छैन ?

आत्मा छ या छैन भनेर विवाद गर्नु पूर्ण मुर्खता हो ।

आत्मातत्त्व भनेको परमात्मा भगवान्को तत्त्व हो । समत्वम योग उच्यते- सम्पूर्ण शक्ति, सम्पूर्ण ज्ञान र सम्पूर्ण धनको उच्च योग नै परम सत्ता परमेश्वर परमात्मा हो भने त्यसको कति अंश शक्ति, ज्ञान र धन व्यक्तिमा छ त्यति नै आत्मातत्त्व हामीमा हुन्छ । मानिस भित्र रहेको बुद्धचित्त, सद्धचित्त वा सचितानन्द नै आत्मा हो ।

बुद्ध र पशुपतिनाथ

पशुपतिनाथ सबै नेपालीका प्रमुख आराध्यदेव हुन् । गोपालराज वंशावली अनुसार पशुपतिनाथमा नेप नामक गाई गोठाला (गोपाल) ले भगवान् पशुपतिनाथको ज्योति पत्ता लगाएका थिए । "ने" मुनिबाट प्रशिक्षित उनै ग्वाला नेपको नामबाट नै नेपालको नामाकरण हुन गएको हो । त्यतिवेलादेखि नै उक्त ज्योतिर्लिङ्गलाई दैवी शक्तिको स्वरूप मानेर पूजा अर्चना गर्ने चलन चलेको छ । गोपाल, महिषपाल, किराँत, लिच्छवी, मल्ल, शाह, राणा, प्रजातन्त्र, लोकतन्त्रसम्म आइपुग्दा पशुपतिनाथ सम्पूर्ण विश्वमा विराजमान भैसकेको छ । कश्यप बुद्ध वा कश्यप ऋषिका शिष्य ने मूनि नेपाली थिए, उनी न हिन्दु थिए न बौद्ध ।

प्रत्येक वर्ष माघ शुल्क चतुर्दशीका दिन पशुपतिको देवपाटनका विसेट नाइकेहरूले विशिष्ट तिकिन्चा/तिकिन्छ्या जात्रा मनाउने अथवा भगवान् पशुपतिनाथको छाया दर्शन गर्ने चलन छ । पशुपतिका मुखाकृतिहरू पूर्वमा तत्पुरुष, पश्चिममा सद्योजात, उत्तरमा वामदेव र दक्षिणमा अघोरका साथै उर्ध्वमुख ईशान वा माथी निराकार छन् । उक्त दिन जात्रा गरेर ल्याएको विशेष खाले मुकुट, जसमा पञ्चबुद्धका आकृतिहरू हुन्छन्, पशुपति महादेवको उर्ध्वमुखमाथि दिनभरि राखिन्छ । नेवा परम्परामा श्री पशुपतिनाथलाई श्रीहेरूक अथवा धर्मपाल मञ्जुश्रीको रूपमा पूजा अर्चना गरिन्छ । काठमाडौंका विभिन्न ८ शिवलिङ्गलाई बौद्धहरूले अष्टवैतराग अर्थात् रागरहित अष्टबोधिसत्वका रूपमा मान्छन् । यिनै लिङ्गलाई सनातनीहरू शिवका रूपमा मान्छन्, बौद्धहरू अष्टबोधिसत्वका रूपमा अर्चना गर्छन् ।

पशुपति महादेवलाई बौद्ध तामाङहरू अद्यपि घुलाङ फोद्राङ (नन्दीनाथ) का रूपमा सम्बोधन गर्छन् । चैत्रपूर्णिमा तीन दिन फिन्सेक (यज्ञ/दीप प्रज्वलन) का लागि कैलाशमा बास बस्छन् । पशुपतिमै तिमालपर्व मनाउँछन् ।

हिन्दुहरू भगवान् बुद्धलाई विष्णुको नवौं अवतारको रूपमा मान्छन् भने बौद्धहरू पशुपतिनाथलाई घोलाङवाकछयूक भनेर मान्छन् । गुह्येश्वरीलाई फामाडोलछयूक भन्छन् । भगवद्गीतामै भनिएको छ, विष्णु र शिवमा रूप फरक भए पनि भेद छैन । यसैगरी विभिन्न अप्रमाणित लोकोक्तिहरू भएता पनि पशुपतिनाथ परिसरको विश्वरूप मन्दिरसँगैको चैत्य, वास्तुकला हेर्दा जुन पूर्वलिच्छविकालीन हुन सक्ने अनुमान छ । त्यस्तै, राजराजेश्वरी घाटमा अवस्थित भविष्य व्याकरण मुद्रामा उभिएका बुद्धको मूर्ति तथा विरूपाक्षको प्राचीन मूर्तिको उपस्थितिले बुद्ध र शिवमा कुनै भेद नभएको जनाउँदछ ।

बौद्ध महाज्ञानी नागार्जुन तथा मतांगीका शिष्य महासिद्ध तिलोपा, चटगाउँमा सन् ९८८ मा ब्राह्मण कुलमा जन्मिएका प्रज्ञाभद्र, पशुपति परिसर र बागमती नदीको किनारामा वर्षौंसम्म साधना गरेर महासिद्धि प्राप्त गरेको इतिहास छ । काग्यु सम्प्रदायका महासिद्ध तिलोपाले शून्यता नै अन्तिम सत्य हो भन्ने बोध गरेको स्थान नै पशुपतिनाथ हो । त्यसैले शून्यता नै शिव हो । उनका शिष्य नारोपा र उनै नारोपाका शिष्यहरू तिब्बती धर्मगुरू मार्पा, मिलेरपा र लोलिपा हुन् । तिब्बेतियन बौद्धदर्शन शैवदर्शन र तान्त्रिकताको संयोजन हो ।

हालसालै अमेरिकाको मेरिल्याण्डस्थित जर्मनटाउन शहरमा पशुपति बुद्ध मन्दिर नेपाली मिलेर स्थापना गरेर उदाहरणीय काम गरेका छन् । नेपालको गौरव स्थापना गराउन सफल भएका छन् । सबै देवीदेवता, धर्म संस्कृति तथा संस्कार, सबै जातजाति भाषाभाषीको गौरवपूर्ण देश नेपाल हो । हजारौं ऋषिमुनि तथा बुद्धहरूको जन्मभूमि तथा कर्म भूमि हो नेपाल । यहि नेपालको एतिहासिक, धार्मिक, सांस्कृतिक, दार्शनिक, सामाजिक तथा भौगोलिक राजनैतिक एकताको प्रतीक आराध्यदेव भगवान् श्री पशुपतिनाथ हुनुहुन्छ । यो विश्व ब्रह्माण्डको सम्पूर्ण चराचर जगत्को सृष्टि, स्थिति र प्रलयको अधिपति नै भगवान् पशुपतिनाथ हुनुहुन्छ । यहि तथ्य आजको विश्वलाई चिनाउनु हाम्रो दायित्व हो ।❖

-पशुपति क्षेत्र विकास कोष (सञ्चालक परिषद् सदस्य)

आधुनिक सभ्यता र शाक्यमुनि बुद्ध

कपिल बज्जारा

नेपालको लुम्बिनी, निग्लिहवा, गोटिहवामा अवस्थित प्रस्तर खम्बाका अभिलेखको आधारमा नेपालभूमि तीन जना बुद्धः ऋकुच्छन्द बुद्ध, कनकमुनि बुद्ध र शाक्यमुनि बुद्धको जन्मस्थल भएको तथ्य प्रमाणित भएको देखिन्छ। नेपालमण्डल अर्थात् काठमाडौं उपत्यका, श्रीस्वयम्भू ज्योतिरूप प्रज्वलित तीर्थस्थलका रूपमा र बौद्ध कला, सभ्यता र संस्कृतिको उद्भव स्थलको दृष्टिकोणले प्रसिद्ध रहेको छ। नेपालमण्डलको स्वयम्भू ज्योतिरूपको प्रतिस्थापन र विभिन्न समयमा सप्त तथागतहरू विपश्वी, शिखि, विश्वभू, ऋकुच्छन्द, कनकमुनि, काश्यप र शाक्यमुनि तथा अनेक बोधिसत्व (मञ्जुश्री), सिद्धाचार्य, योगीहरू यस क्षेत्रमा भ्रमण गरेको देखिनुले शाक्यमुनि बुद्धभन्दा पनि अगाडिदेखि नै नेपालमा बुद्धधर्म र बौद्ध सभ्यताको सुरूवात भएको देखिन्छ।

भगवान् विष्णुको नवौं अवतारका रूपमा जन्म लिएका भगवान् गौतम बुद्ध विश्वकै लागि शान्तिका दूत र एक अन्तरज्ञानी थिए। गणराज्यको राजधानी कपिलवस्तु निकट लुम्बिनीमा बीसीको छैठौं शताब्दीमा जन्मिएर चौथौं शताब्दीमा निधन भएका उनका विचारहरू आज पनि उत्तिकै सान्दर्भिक छन्। उनका उपदेशहरू मानव जीवनलाई अर्थपूर्ण र उपयोगी बनाउने खालका छन्। अहिले उनका उपदेश संसारभरका अनुयायीहरूले पालना गरिरहेका छन्। उनका उपदेशले अहिले संसारभरका मानिसहरूलाई सही बाटोमा ल्याएको छ।

गौतम बुद्ध संसारकै सबैभन्दा ठूला महात्मा, सबैभन्दा ठूला सन्त थिए। उनी महानतम मानवतावादी विचारक थिए। उनले सन्तप्त मानव जातिलाई आफ्नो कारूणिक विचारबाट शान्ति प्रदान गरे। भौंतारिरहेको विश्वलाई सुनिश्चित मार्गदर्शन गरे। गौतम बुद्ध कुनै तपोवनमा संन्यासी बनेर बसेनन्, बरू घुमीघुमी आफ्नो विचार प्रचार गरे। उनले आफ्ना अनुयायी लाखौं भिक्षु तयार गरी तिनलाई संसारभर घुम्दै ज्ञानको प्रचार गरिरहने प्रेरणा दिए। उनको नारा थियो– चरैवेति चरैवेति। घुमिराख र आफ्नो विचारको प्रचार गरिराख। भिक्षुहरू घुम्नु जीवन हो, रूनु मृत्यु हो। उनको विचारले टुटेको मन र निराश जनलाई आशा प्रदान गऱ्यो। बुद्धले सगर्व उद्घोष गरिरहे कि मेरो विचार र कथन वेदअनुकूल नै हो।

बौद्ध दर्शन र पञ्चशील

शान्तिका लागि शुद्धि अत्यावश्यक कुरा हो। शुद्धिका लागि शील महत्त्वपूर्ण हुन्छ। शील भन्नाले असल व्यवहार र अनुशासन भन्ने बुझिन्छ। सोचाइ, भनाइ र गराइ पवित्र भएमा जीवन शान्त हुन्छ, सुखी हुन्छ। पवित्रताका लागि नैतिक नियमको पालन गर्नु आवश्यक हुन्छ। बौद्ध दर्शनमा नैतिक नियमलाई शील भनिन्छ। तीमध्ये पाँच वटा आधारभूत शील– प्राणी–हिंसा नगर्नु, चोरी नगर्नु, व्यभिचार नगर्नु, असत्य नबोल्नु र नशालु पदार्थ सेवन नगर्नु नै पञ्चशील हुन्।

शीलवान् व्यक्तिले यी पाँच कुरा नगर्ने प्रतिज्ञा गर्दछ। यस बाहेक अष्टशील, दशशील पनि बौद्ध विनयमा प्रसिद्ध छन्। शरीरमा शिरको महत्त्व भए जस्तै बौद्ध परम्परामा शीलको महत्त्व रहेको छ। अतः यस्ता शीलको पालन गरी समाजलाई सभ्य बनाउन सहयोग गर्नु सबैको दायित्व पनि हो।

बौद्ध धर्मका चार आर्य सत्य

बुद्धले आफ्नो धर्मको घोषणा संस्कृत भाषामा नभई तत्कालीन जनबोलीमा गरे र दार्शनिक जटिलताभन्दा

टाढा रही संक्षेपमा बताए कि 'मान्छे दुःखी छ, दुःख अकारण छैन । यसको निरोध सम्भव छ र यसको मार्ग पनि छ । यो नै बौद्ध धर्मका चार आर्य सत्य हो, जसको व्याख्या निम्न रूपमा गरिन्छ ।

पहिलो आर्यसत्यः यथार्थ दुःख

हाम्रो जीवन सामान्यतया असन्तुष्टिले भरिएको छ । यो नै पहिलो सत्य हो । जन्मदेखि मृत्युसम्म अनेकौं सुखका पलहरू हुन्छन्, तर तिनीहरू कहिल्यै पनि स्थायी हुँदैनन् । त्यस्तै धेरै पलहरू अप्रिय पनि हुन्छन् । जन्म पनि दुःख हो । बुढ्यौली पनि दुःख हो । व्याधि पनि दुःख हो । मरण पनि दुःख हो । अप्रियहरूसँग भेट्नु पनि दुःख हो । प्रियसँग विछोड पनि दुःख हो । इच्छा हुँदा इच्छित वस्तु नभेट्नु पनि दुःख हो ।

दोश्रो आर्यसत्यः दुःखको यथार्थ कारण

हाम्रो दुःख र क्षणिक सुख अकारण उत्पन्न हुँदैनन् । त्यसका पछाडि अनेकौं कारण र परिस्थितिहरू हुन सक्छन् । बाह्य तत्त्वहरू (जस्तो कि हाम्रो समाज) हाम्रा लागि समस्याहरू उत्पन्न गराउने कारक तत्त्व हुन सक्छन् । तर बुद्धले हामीलाई आफ्नै चित्तको अवलोकन गर्न सिकाउनुभएको छ । घृणा, रिस, लोभ जस्ता अनेक अशान्त मनोभावहरूले हामीलाई आत्मविनाशकारी दिशातर्फ धकेलिरहेका हुन्छन् । तिनका कारण हामी मन, वचन, र कर्मबाट त्यस्तै काम गरिरहेका हुन्छौं ।

तेश्रो आर्यसत्यः दुःखको यथार्थ निरोध

हामीले यी सबै दुःखहरू भोगेर बसिरहनु पर्दैन । यी दुःखको कारण पत्ता लगाएर तिनलाई जरैदेखि उखेल्यौं भने तिनको परिणाम पनि उत्पन्न हुने छैन । यथार्थको बारेमा हामीमा जुन भ्रम छ, त्यसलाई हटाउन सकियो भने समस्याहरू आउने छैनन् । बुद्धले कुनै एक वा दुई समस्या हटाउने कुरा गर्नुभएको थिएन । बरू नयाँ समस्याहरू निर्माण गर्ने हाम्रो स्वभावलाई नै बदल्ने कुरा गर्नुभएको थियो ।

चौथो आर्यसत्यः चित्तको यथार्थ मार्ग

आफ्नो अबोधपन र अज्ञानबाट मुक्ति पाउनका लागि हामीले आफ्नो मार्गको अवरोधका बारेमा विचार गर्नु आवश्यक हुन्छ । यसका लागिः तात्कालीक सुख प्राप्त गर्न हतारिनुभन्दा दीर्घकालीन योजना तयार गरौं । जीवनको कुनै सानो पक्षमा मात्र नअल्झिकन जीवनलाई समग्रतामा हेर्ने प्रयास गरौं । तत्कालका लागि आफूलाई के सुविधा हुन्छ, त्यो मात्र हेर्न छाडेर आफ्नै बाँकी जीवन र भविष्यका पुस्ताहरूमा आफ्नो कामको के असर पर्छ, विचार पुऱ्याऔं । ती उपदेशमा आठ प्रकारका आचरणको गन्ती छ, जसको पालनबाट मनुष्यले दुःखको कारण नाश गर्न सक्छन् ।

अष्टांगिक मार्ग

सम्यक दृष्टि (right vision)

सम्यक संकल्प (right commitment)

सम्यक वचन (right communication)

सम्यक कर्म (right action)

सम्यक आजीविका (right profession)

सम्यक व्यायाम (right practice)

सम्यक स्मृति (right mindfulness)

सम्यक समाधि (right samadhi)

उपर्युक्त उपदेशद्वारा संक्षेपमा बुद्धले आफ्ना अनुयायीलाई भने- मेरो उपदेशमाथि विश्वास राख, बुद्धि लगाएर त्यसलाई बुझ्ने कोसिस गर र प्रत्येक उपदेशलाई जीवनमा उतार्ने प्रयत्न गर । पवित्रतापूर्ण जीवन व्यतीत गर र नियमित रूपमा ध्यान र समाधि गर्दै गर ।

चार आर्यसत्यको ज्ञानद्वारा हामी आफ्नो दैनिक जीवनमा आइपर्ने समस्याहरूको सामना गर्न सक्छौं । त्यसका लागि बौद्ध धर्मावलम्बी हुनु पर्छ भन्ने छैन । सधैं हामीले सोचेजस्तो मात्र हुन सम्भव हुँदैन । त्यसै कारणले हामी हताश वा निराश भैहाल्नु पर्दैन । चार आर्यसत्यको शिक्षाले त्यो सबै कुरा समेटेको छ जुन हामीलाई सच्चा खुशी प्राप्त गर्न र आफ्नो जीवनलाई सार्थक बनाउन आवश्यक हुन्छ ।

बौद्ध ग्रन्थको पुस्तक (त्रिपिटक)

त्रिपिटक (पाली भाषाः तिपिटक; शाब्दिक अर्थः तीन टोकरी) बौद्ध धर्मको प्रमुख ग्रन्थ हो । जसलाई सबै बौद्ध सम्प्रदाय (महायान, थेरवाद, बज्रयान, मूलसर्वास्तिवाद, नवयान आदि) ले मान्छन् । यो बौद्ध धर्मको पूरानो ग्रन्थ हो जस्मा भगवान् बुद्धको उपदेश संग्रहित छ । यो ग्रन्थ पालि भाषामा लेखिएकोछ र विभिन्न भाषाहरूमा अनुवाद भएकोछ । यस ग्रन्थमा भगवान् बुद्धद्वारा बुद्धत्व प्राप्त गर्दाको समयबाट महानिर्वाणसम्म दिनुभएको प्रवचनहरू संग्रह गरिएकोछ ।

बोधगयामा बुद्धत्व प्राप्त गरेपछि ४५ वर्षसम्म भगवान् बुद्धले नेपाल, भारत, श्रीलंका सहित विश्वका विभिन्न मुलुकमा धर्मोपदेश गर्नुभएको थियो । गौतमबुद्धको महापरिनिर्वाणपछि विभिन्न संघमार्फत बुद्ध वचनलाई एक सूत्रमा संग्रह गरिएको थियो । यसलाई नै त्रिपिटक भनिन्छ । त्रि-अर्थात् तीन वटा थैला-अभिधम्म पिटक, सुत्त पिटक तथा विनय पिटकको संग्रह 'त्रिपिटक' हो ।

बुद्ध महापरिनिर्वाण हुनुभएको तीन महिनापछि इसापूर्व ४८३ मा मगधका राजा अजातशत्रुको संरक्षणमा भिक्षु महाकाश्यप महास्थवीरको नेतृत्वमा ५०० अर्हत भिक्षुको सहकार्यमा बुद्धवचन र विनयको संग्रह गरिएको थियो । यसलाई प्रथम 'संघायन' भनिन्छ । यसको १०० वर्षपछि वैशालीमा राजा कालाशोकको संरक्षणमा भिक्षु रेवत महास्थवीरको नेतृत्वमा दोस्रो संघायन भयो ।

सम्राट अशोकको समयमा अर्थात् इसापूर्व २४८ मा भिक्षु मौगल्लीपुत्ततिस्स महास्थवीरको नेतृत्वमा एक हजार भिक्षुको सहकार्यमा तेस्रो संघायन तथा बुद्ध महापरिनिर्वाण भएको ४५४ वर्षमा लंकाद्विपका राजा बट्टगामिनीको शासनकालमा चौथो संघायन भयो ।

यसअघि त्रिपिटक ताडपत्रमा लिपिबद्ध थियो । गुरुशिष्य परम्पराअनुसार त्रिपिटक कण्ठस्थ पारी रक्षा गर्ने चलन थियो । आचार्य भिक्षु अमृतानन्द महास्थवीरले पहिलोपटक त्रिपिटकलाई पाली भाषाबाट नेपाली भाषामा अनुवाद गर्नुभएको थियो । त्रिपिटकमा ८४ हजार स्कन्ध तथा श्लोक छन् ।

सूत्रपिटकः सूत्रपिटक भन्नाले बोलचालको भाषामा भगवान् बुद्धबाट कतिपय स्थानमा व्यावहारिक रूपमा दिइएका धम्म (धर्म) वा उपदेश सूत्रबद्ध तरिकाले विषयगत रूपमा संग्रह गरिएको बुझिन्छ । यसमा २१ हजार धर्मस्कन्ध छन् । यस सूत्रपिटकलाई पनि पाँच भागमा विभाजित गरिएको छ- दीघ निकाय, मज्झिम निकाय, संयुक्त निकाय, अङ्गुत्तर निकाय र खुद्दक निकाय । यिनमा पनि १५ वटा अलग निकायहरू खुद्दकपाठ, धम्मपद, उदान, इत्तिवुत्तक, सुत्तनिपात, विमानवत्थु, पेतवत्थु, थेरगाथा, थेरीगाथा, जातक, निद्देस, पटिसम्भिदामग्ग, अपदान, बुद्धवंश र चरियापिटक रहेका छन् ।

विनयपिटकः विनयपिटकमा बुद्ध शासनको व्यवस्था, भिक्षु, भिक्षुणीले पालन गर्नुपर्ने नियम, आचारसंहिता, उपसम्पदा नियम, वर्षवाष, भोजन, वस्त्र, औषधि र सङ्घ सञ्चालन गर्ने नियमसम्बन्धी विस्तृत वचनको सङ्ग्रह छ । यसमा २१ हजार धर्मस्कन्ध छन् । यसमा महावग्ग, चुलवग्ग, पचित्रिय, पाराजिका र परिवार भाग रहेका छन् ।

अभिधम्मपिटकः यसलाई पनि तीन भागमा विभाजन गरिएको छ । यस परमार्थअन्तर्गत अति सूक्ष्मातिसूक्ष्मका रूपमा मनोवैज्ञानिक ढङ्गमा मूलतः चित्त, चैतसिक, रूप र निर्वाणसम्बन्धी विश्लेषण भएका बुद्धवचन

छन् । यसमा ४२ हजार धर्मस्कन्ध समावेश गरिएको छ ।

यसलाई पनि सात स्कन्धका रूपमा विभाजन गरिएको छ । जो यस प्रकार छन्ः धम्म सगणी, विभग, कथावस्तु, पुग्गलपञ्ञति, धातुकथा, यमक र पट्ठान। अभिधर्म पिटकलाई बौद्ध दर्शन पनि भनिन्छ ।

त्रिपिटकको महत्त्व

बौद्ध त्रिपिटक अनेक दृष्टिहरूले धेरै नै महत्त्वको छ । यसमा बुद्धकालीन अवस्थामा राजनीति, अर्थनीति, सामाजिक व्यवस्था, शिल्पकला, संगीत, वस्त्र–आभूषण, वेष–भूषा, रीति–रिवाज तथा ऐतिहासिक, भौगोलिक, व्यापारिक आदि अनेक महत्त्वपूर्ण विषयहरूको विस्तारले प्रतिपादन छ ।

बौद्ध धर्मका तीन प्रमुख निकायहरू

महायान निकायः यस महायान निकायका अनुयायीहरूले पनि संस्कृत भाषामा लेखिएका बुद्ध वचन र सिद्धान्तलाई आ–आफ्नो देशको भाषामा अनुवाद गरेको पाइन्छ । विश्वभरकै मुलुकमा सबैभन्दा धेरै तिब्बती भाषाको लिपिमा अनुवाद गरी ९ औं सताब्दीदेखि नै तिव्ररूपमा प्रचार हुन थालेको देखिन्छ । महायान निकायका प्रथम सिद्धान्त भने अलौकिक बुद्धहरू लगायत वर्तमान शाक्यमुनी गौतम बुद्ध र विविध बोधिसत्वहरूलाई गहिरो अभ्यास गरी मान्दछन् । विविध बोधिसत्वहरूको गहिरो अभ्यास गरी यस भावसागरमा दुःख पीडाको रूपमा भौतिक जीवन बिताई रहेका सर्वजीवप्राणिहरूको उद्धार गर्न सके हरेक मानिस बुद्ध भइ सहि मार्गमा निर्वाण प्राप्त गर्न सकिन्छ भन्ने कुरामा यस निकायका अनुयायीहरूले पुर्णरूपमा विश्वास राखेको पाइन्छ । महायान बौद्धधर्म निकायका प्रत्येक गुरुहरूले विविध बोधिसत्वसम्बन्धी र शून्यताको मार्गलाई अभ्यास गरी १० वटा पारमिताबारे ज्ञान हासिल गर्नु अनिवार्य हुन्छ । ती १० वटा पारमिताहरू यसप्रकार छन्ः दान पारमिता– जसले जे मागे पनि दान दिई दानी भएको अर्थात प्रत्येक प्राणिहरूको भलाइका लागि आफूले सक्दो दान गर्नु नै कुसल कर्म र दान पारमिता हो । सिल पारमिता– चर्या अनुसार हजारसिलले युक्त भएको अर्थात प्रत्येक मानव प्राणिलाई जीवनयापन गर्नका लागि सिल पारमिताको अतिआवस्यक पर्दछ । यसमा प्रथम पक्ष भनेको अहिंसा परमो धर्मको नियमलाई पालना गर्नु हो ।

शान्ती पारमिता– करूणाले सर्वप्राणिहरूलाई नमारेको अर्थात लोककल्याणका लागि प्रत्येक मानिसमा हरेक किसिमका दुःख पीडाहरू आइपरे तापनि सहनसील भई त्यसको उपकार गर्नु नै यसको प्रथम उद्देश्य र सु–कर्मको मार्ग हो ।

वीर्य पारमिता– देबी, मनुष्य, दैत्य आदिले मार्न नसकेको पराक्रम भएको अर्थात यसले प्रत्येक मानिसलाई हौसला र उत्साहको मार्गतिर अगाडी बढाउँदछ । तर, सहि मार्गमा आफ्नो चित्तलाई वशमा राखी सबै प्राणिहरूको उद्दार गर्नु नै वीर्य पारमिता हो ।

ध्यान पारमिता– योग, समाधि, ध्यान सबै जानेको अर्थात मानिसको चञ्चल चित्तलाई शून्यताको मार्गमा एकाग्र गरी आध्यात्मिक अभ्यासद्वारा सम्पूर्ण लोकका

प्राणिहरूको उद्धार गर्नु नै ध्यान पारमिता हो ।

प्रज्ञा पारमिता- सिल, समाधि र प्रज्ञायुक्त आचरणद्वारा कुसल कर्महरू गर्नको लागि यो मार्ग महान छ ।

बल पारमिता- सत्यधर्म प्रकाश गरी सबैलाई जितेको अवस्था । आफू र सजीव प्राणिहरूका निम्ति सदैब कुसल कर्म गर्नु बल पारमिताको पालना गर्नु हो ।

उपाय पारमिता- परोपकार हुने गरी ज्ञानवृष्टि गर्नु साथै आफूले सधैं कुसल कर्म गरी सम्पूर्ण प्राणिहरूको कल्याणको लागि कार्य गर्नु नै उपाय पारमिता हो ।

प्राणिधान पारमिता- सजीव प्राणिहरूको कल्याणको निम्ती कुसल कर्महरूबारे सबैलाई बोध गराउनु नै प्राणिधान पारमिताको पालना गर्नु हो ।

ज्ञान पारमिता- संसारको दुःख पीडाको बन्धनबाट मुक्त हुने ज्ञान प्राप्त गरिसकेपछी ज्ञानलाई सजीव प्राणिहरूको कल्याणका निम्ति प्रचार गर्नु नै ज्ञान पारमिता हो ।

थेरबाद निकायः थेरबाद निकायका अनुयायीहरूले बुद्धलाई प्रथम गुरूका रूपमा श्रद्धाभावपूर्वक पुज्दछन । बुद्धले ४५ वर्षसम्म आफुले प्राप्त गरेको बोधीज्ञानको बारेमा पालिभाषामा प्रवचन दिने हुनाले यो निकायका अनुयायीहरूले पालिभाषाको बौद्ध धर्म ग्रन्थहरूलाई महत्त्वपूर्ण आधारको रूपमा मान्दछन् ।

बुद्धद्वारा प्रतिपादित सील, समाधि र प्रज्ञालाई विशेष गरी दुःख निवारणका लागि अभ्यास गरिन्छ । पालिभाषामा आधारित बुद्धबचन र बुद्धका सिद्धान्तलाई कुनै एक शब्द पनि परिवर्तन नगरी बुद्धका ती दुर्लभ मार्गदर्शनहरूलाई पालना गरी गहिरोसँग ध्यान गरे मनुष्यले अर्हत प्राप्त गर्न सक्दछन् ।

सूत्रपिटकः संसारको दुःखबारे दार्शनिक विचारको व्याख्या ।

अभिधम्मपिटकः मानिसलाई सहि मार्गमा निर्देशन गर्ने शिक्षाको व्याख्या ।

विनयपिटकः भिक्षु, भिक्षुणिहरूको जीवनचर्याबारे नियमावली शिक्षाको व्याख्या ।

बज्रयान निकाय- बज्रयान निकायका अनुयायीहरूले पनि अलौकिक बुद्धहरू लगायत वर्तमान शाक्यमुनी गौतम बुद्धलाई लोककल्याणका अग्रनायकका रूपमा पुज्दछन । महाबोधिसत्व अवलोकितेश्वरलाई विशेष आस्थाका रूपमा लिइन्छ । विविध बोधिसत्वहरूलाई आफ्ना प्रतीकात्मक देव-देवीका रूपमा मान्दछन् । त्यसैकारणले यस निकायका अनुयायीहरूले मूर्तिपूजालाई पनि विशेष प्राथमिकता दिएका हुन्छन् । महाबोधिसत्व अवलोकितेस्वरको गहिरो अभ्यास गर्न सके त्यसको प्रभाव र आफूले गरेको ध्यान, जप, प्रज्ञा, योग, तन्त्र-मन्त्र र शून्यताको साधनाको सहयोगले यही जीवन कालमै बुद्धत्व प्राप्त गर्न सकिन्छ भन्ने कुरामा बज्रयान निकायका अनुयायीहरूले विश्वास गर्छन् ।

आजको समाजमा बुद्ध दर्शनको अपरिहार्यता

शान्ति स्थापनका लागि बुद्ध दर्शनको महत्त्वपूर्ण भूमिका रहेको छ । मानव समाजको विकासका लागि आपसी सद्भाव, प्रेम, भाइचारा, मैत्रीभावको बीजारोपण गर्नमा बुद्ध दर्शनको उल्लेख्य भूमिका रहेको छ । बुद्ध दर्शनको मूल शिक्षा नै शान्ति र अहिंसा हो । गौतम बुद्धले शान्ति, अहिंसा, मैत्री र करूणाको शिक्षा दिए । बुद्ध दर्शनमा पञ्चशील, अष्टशील, दशशील र आर्य अष्टाङ्गिक मार्गले नै हरेक समस्याको समाधान गर्न सकिन्छ भन्ने कुरालाई जोड दिइएको छ ।

बुद्धले चतुर्बहविहार- मैत्री, करूणा, मुदिता र उपेक्षाको पालना र अभ्यास गर्नुपर्ने बताएका छन् । मानव जीवनको मूल समस्या राग, द्वेष, मोह, घृणा, लोभ, इर्ष्या, भय र सामाजिक विसंगति, हिंसाजन्य आचरणबाट कसरी छुटकारा पाउने भन्ने विषयमा यी उपदेश मानव समुदाय र आधुनिक समाजका लागि आज पनि निकै सान्दर्भिक छन् ।

आधुनिक विश्वमा बुद्ध दर्शनको सान्दर्भिकता झन् बढ्दै गइरहेको छ । विभिन्न मुलुकबीच हातहतियारको प्रतिस्पर्धा, होडबाजीले विभिन्न देश र समूह-समूहबीच द्वन्द्व, हिंसा व्याप्त रहेको छ । यसरी विभिन्न राष्ट्रहरू बीचको आपसी लडाइँ र युद्धले ठूलो धनजनको क्षति, आर्थिक असमानता, शोषण, अत्याचार भेदभाव, हिंसा र आतङ्कवादलाई जन्म दिइरहेको छ । यस्तो परिस्थितिमा

बुद्ध दर्शनले दमन, अत्याचारलाई घृणा गर्दछ । मानिसको बाँच्न पाउने अधिकारको प्रवर्द्धनमा जोड गर्दछ । सुशासनको प्रवर्द्धन र भ्रष्टाचारमुक्त समाजको अगुवाइ गर्दछ । दम्भ, घमण्ड र स्रोत माथि कब्जा गर्ने नियतले गर्ने गराउने युद्धको सशस्त्र होडबाजीको अन्त्यको आह्वान गर्दछ । यसले युद्ध र हिंसालाई अस्वीकार गर्दछ । किनकी बुद्ध दर्शन भनेको नै शान्ति, सद्भाव, प्रेम, समानता, विकास, समृद्धिको दर्शन हो ।

बुद्ध दर्शन मुख्य रूपमा तीन सिद्धान्तमा आधारित रहेको मानिन्छ– अनिश्वरवाद, अनात्मवाद र क्षणिकवाद । यस दर्शनले पूर्ण रूपमा विश्वमा शान्ति कायम गरी जीवन जिउने शिक्षा दिन्छ । बुद्धका अनुसार हरेक मानिसमा बुद्ध बन्ने बीज हुन्छ । हरेक व्यक्तिमा अहिंसा र शान्त मन हुन्छ भने उसको परिवार शान्त हुन्छ । हरेक व्यक्तिले आफ्नो मनको उज्यालो चिन्नु पर्छ । निभेको मनको दियो बाल्नुपर्छ । यसरी शान्तिको खोजमा छटपटाइरहेको विश्वका हरेक व्यक्तिका लागि बुद्ध दर्शन शाश्वत र सार्वकालिक छ ।

संयुक्त राष्ट्र संघले बुद्धको पञ्चशीलको सिद्धान्तलाई अनुमोदन गर्दै विश्वव्यापी मान्यता दिएको छ । बुद्ध दर्शनमा रहेका प्रजातन्त्र, स्वतन्त्रता, मानव अधिकार, पेशागत हकहित, समानता, समता र मानवीय मूल्य आधुनिक विश्वले स्वीकार गरेकोछ । शान्ति, अहिंसा, मानव अधिकार र लोकतन्त्र एक अर्कामा परि पूरक हुन् । शान्तिको अधिकार अन्तर्राष्ट्रिय कानूनको अभिन्न अंग मानिन्छ । मानव अधिकार शान्तिपूर्ण अवस्थामा मात्रै उपभोग गर्न सकिन्छ ।

'अहिंसा परमो धर्मः' भन्ने बुद्ध दर्शनको महावाणीले त झन् सम्पूर्ण प्राणीप्रति सद्भाव व्यक्त गरेको पाइन्छ । एसियाका तारा तथा विश्व शान्तिका अग्रदूत अद्वितीय शान्तिका पर्याय यस्ता महान व्यक्तित्व गौतम बुद्धको नाम, काम र दर्शन आधुनिक समाजमा अझ सान्दर्भिक बन्दैगएको छ । सबै मानव जातिमा शान्ति, सुरक्षा, सम्मान र स्वाभिमान सँगसँगै अगाडि बढ्नु पर्दछ भन्ने कुरालाई बुद्ध दर्शनले जोड दिएको पाइन्छ ।

बुद्ध दर्शनका बारेमा विभिन्न वैज्ञानिक तथा दार्शनिकहरूका भनाइ अत्यन्त सान्दर्भिक रहेका छन् । वैज्ञानिक अलबर्ट आइन्सटाइनले बुद्ध दर्शनका बारेमा आफ्नो गहिरो विश्वास प्रकट गर्दै "आजको युगमा आधुनिक विज्ञानसँग मिल्ने कुनै दर्शन छ भने त्यो बुद्ध दर्शन नै हो" भनेका छन् । प्रसिद्ध साहित्यकार बरटाण्ड रूसेलले बुद्ध दर्शनप्रति प्रगाढ आस्था व्यक्त गर्दै "बुद्ध धर्म कुनै यो वा त्यो जातिको मात्र धर्म नभएर सम्पूर्ण विश्वका मानव कल्याणका लागि निर्माण भएको वैज्ञानिक दर्शन हो भनेका छन् ।"

बुद्ध दर्शन कुनै जातजाति भाषा, धर्म संस्कृतिका लागि मात्र होइन शान्ति चाहने सम्पूर्ण मानव र सम्पूर्ण प्राणीको हित र रक्षाका लागि स्थापित भएको दर्शन हो । बुद्ध दर्शनको अत्यन्त गहिरो प्रभावका कारण कैयन राजा महाराजाहरू पनि सशस्त्र हिंसात्मक राजनीति छाडेर शान्तिको राजनीति गर्न थालेका तमाम उदाहरण छन् । त्यसको ज्वलन्त उदाहरणका रूपमा भारतका तत्कालीन शक्तिशाली सम्राट अशोकलाई लिन सकिन्छ । उनले सशस्त्र हिसांत्मक मार्ग छोडेर बुद्ध दर्शनबाट प्रभावित भई राज्यको सम्पूर्ण साधन स्रोत बौद्ध दर्शनको प्रचारमा लगाए । ❖

–भीमसेनथापा-४, धावा, गोरखा

जय श्रीरामः

श्रीराम नवमीका अवसरमा वैदिक उद्वोधन संघद्वारा आयोजित भजनकीर्तन एवम् प्रवचनको कार्यक्रममा प्रमुख अतिथि प्राध्यापक दिनेशराज पन्त एवम् विशेष अतिथि योगी पूर्णसँग सामुहिक तस्विर खिचाउँदै संस्थाका पदाधिकारी एवम् अन्य सहभागीहरू ।

ने मुनि र नेपाल

-सहप्रा. डा. विनुबाबा अर्याल

कुनै पनि देश र जातिलाई दीर्घकालसम्म क्षमता र प्रतिष्ठापूर्वक बचाइ राख्न कतिपय अजैवीक तत्त्वहरूले सहयोग पुऱ्याइरहेका हुन्छन् । पूर्वजले जोगाएको धर्म र संस्कृतिको परिपालन एवम् परिचालन सम्वन्धी जिम्मेवारी कालक्रमले अहिलेको पिंढीमा आएको छ । त्यसैले संस्कृतिको विकासको अध्ययन गर्न इतिहासको अध्ययन र अनुसन्धान धेरै नै आवश्यक छ । राष्ट्रको आत्मा संस्कृति हो, यसलाई नाश गर्नाले वृक्षरूपी राष्ट्र स्वतः सुक्तछ ।

नेपाल देशको रूपमा कहिलेदेखि सम्बोधित भयो ? नेपाल राज्यको संघटन कहिले सम्पन्न भयो ? नेपालको नाम कसरी रहन गयो ? देशको रूपमा मान्यता कहिलेदेखि स्थापित हुन आयो ? इत्यादि प्रश्नहरू हाम्रा सामु खडा छन् । यी प्रागऐतिहासिक कालका घटना स्पष्टसँग केलाउन गाह्रो भए पनि केही कुरामा साक्षीका आधारमा केही संकेत पाउन सकिन्छ । त्यसका आधारमा केही दिग्दर्शन दिनसम्म सकिन्छ ।

विकासशील देशले प्रथम भूगोल स्पष्ट र सर्वाङ्गिण बनाउनु पर्दछ । भूगोल र इतिहास प्रष्ट हुनु पर्दछ । इतिहासको स्रोत भनेका ती ऐतिहासिक साधनहरू हुन्, जसका सहयोगबाट इतिहासको रचना गरिन्छ । मूलतः इतिहासका स्रोतहरूलाई दुई भागमा बाँढ्न सकिन्छ । पहिलो- प्राचीन इतिहास माथि प्रकाश पार्ने स्रोतहरू र दोश्रो- मध्यकालीन आधुनिक इतिहास माथि प्रकाश पार्ने स्रोतहरू ।

प्राचीन इतिहासमाथि प्रकाश पार्ने श्रोत अध्ययन गर्दा, यो देशको नाम 'नेपाल' नै किन रह्यो ? भन्नेबाट जिज्ञासा शुरू हुन्छ । यस विषयमा बेग्लाबेग्लै श्रोतहरूमा बेग्लाबेग्लै आधार दिइएको छ । आमरूपमा भाषा, ऐतिहासिक व्यक्तित्व र जातिको नामबाट यसको नाम नेपाल रहन गएको विचारहरू दिइन्छ ।

भाषागत आधारबाट नेपाल शब्दको व्युत्पत्ति केलाउनेहरूले तिव्वती, नेवारी, किराँती, संस्कृत र लेप्चा आदि भाषाका दृष्टिकोणबाट हेरेका छन् । उदाहरणको लागि तिव्वती भाषामा 'ने' को अर्थ घर र 'पाल'को अर्थ ऊन हुने हुँदा र त्यसबेला नेपालमा ऊनको उत्पादन प्रचूर मात्रामा हुने र त्यसको प्रसिद्धि देश विदेशसम्म फैलिएको कारण यस देशको नाम नेपाल रहन गयो । तिव्वतीहरूले 'ऊनको घर' भन्ने गरेका र त्यसकै पर्यायका रूपमा यस देशको नाम नेपाल रहेको हो ।

नेवारीमा नेपालको उच्चारण नेपाः मात्र हुन्छ । जसमा 'ने' को अर्थ मध्य र 'पा' को अर्थ देश । अर्थात्, हिमश्रृङ्खलाको मध्यभागमा रहेको देश, मध्यदेश बुझाउने अर्थमा यस देशको नामाकरण नेपाल गरियो ।

किराँतीमा इयेतपाको अनुवाद नेपाल हुन गएको बताइन्छ । जसमा इयेतको अर्थ वस्तुभाउ र पाको अर्थ मान्छे हुन्छ । यसको तात्पर्य वस्तुभाउहरू भएका मानिसहरू हुन्छ र यसको संस्कृतिकरणबाट नेपाल हुन गएको हो । लेप्चा भाषामा नेको अर्थ पवित्र र पालको अर्थ देश वा गुफा हुन्छ । अतः पवित्र देश वा गुफाको सन्दर्भमा नेपाल नामाकरण हुन पुगेको हो । संस्कृतिमा चाहिँ नीपको अर्थ उपत्यका र आलयको अर्थ घर हुने हुँदा उपत्यकावासीहरूको घर नै नेपाल हो ।

जातिगत आधारबाट हेर्दा नेवारबाट नेपाल भएको हो भन्ने कथन छ । यस कथन अनुसार नेपाल र नेवारको मूल शब्द नेवारको न्यार्वा हो । न्यार्वा शब्दबाट नेवार बनेको र नेवारबाट नेपाल बनेको हो भन्ने ग्रियर्सनको दृष्टिकोण थियो । जसलाई इतिहास शिरोमणि बाबुराम आचार्यले समहति जनाए ।

प्राचीन समयमा उपत्यकामा नेप जातिका ग्वाला बस्दथे । तिनीहरूको वसोवास स्थल (आल) भएकाले नै यो देश नेप (आल) नेपाल कहलायो । ६ सय वर्षपछि स्थिति मल्लका पालामा संग्रह गरिएको गोपाल वंशावलीमा

नेपालमा पहिले शासन गर्ने राजाको गोपालवंशीको नाम आउँछ । नेप नाउँका गोठालाको गाईले आफ्ना दूधका धाराले सेचन गर्थिन् त्यो देखेर गोपालले खनेर हेर्दा पशुपतिको लिङ्ग प्रकट भएको भन्ने यो प्रसङ्ग अङ्कित छ ।

हिन्दु परम्परा, हिमवत् खण्ड, नेपाल महात्म्य वंशावली जस्ता साहित्यिक ग्रन्थका अनुसार आरम्भिक समयमा नेपाल भगवान्हरूको क्रिडाभूमि थियो । पछि असुरहरूले देवताहरू माथि विजय प्राप्त गरी यहाँ आफ्नो एकाधिकार कायम गरे । महेन्द्र दमन नाम गरेका असुरले वाग्मती र अन्य नदीहरूको निकास थुनी उपत्यकालाई ठूलो तालको रूपमा परिवर्तन गर्‍यो । पछि यस उपत्यकालाई मानव वासस्थानका लागि योग्य पार्न श्रीकृष्ण र उनका छोराले असुरको वध गरी पानीको निकास बनाए । बौद्ध परम्परामा भने उपत्यकाको उत्पत्तिको आख्यान स्वयम्भुको उत्पत्तिसँग गाँसिएको पाइन्छ । जसमा पानीको निकास खोली मानव निवासयोग्य बनाउने श्रेय मञ्जुश्रीलाई प्रदान गरिएको छ । स्वयम्भु पुराण बौद्ध परम्पराको महत्त्वपूर्ण ग्रन्थ हो ।[१]

यति भने पनि हामीले यो शब्दको निरूक्ति गर्न बाँकी नै छ । यसको पदविच्छेद गरी अर्थ केलाउन हामी आफैंले घोत्लन आवश्यक छ । यस सम्वन्धमा हाम्रा पुर्खाहरूले पनि आफ्नो बुद्धि नलगाएका होइनन् । हिमवत्खण्ड, नेपाल महात्म्य, पशुपतिपुराणहरूका रचयिताले यसको व्युत्पत्ति ने नामका मुनिले पालिएको हुँदा यो देशको नाम नेपाल भएको हो भनी गरेका छन् ।

भगवान् श्रीकृष्णको काठमाडौं आगमन हुँदा गोठालाहरू पनि उनीसँग आएका थिए । उनीहरू हालको कीर्तिपुर पहिला 'पदमकाष्ठगिरी'मा बस्थे । उनीहरूका साथमा ने नामको गाई थिइन् । पशुपतिको दिव्य ज्योति उक्त गाईद्वारा नै पत्ता लाग्यो । नेमुनिले भुक्तमान नाम गरेका गोठाला (गोपाल)लाई काठमाडौं उपत्यकाको प्रथम राजा बनाए । त्यसकारण यस भूखण्डको नाम नेपाल अर्थात् ने मुनिबाट प्रतिपालित देश भनी कहलियो ।[२]

यहाँ एउटा अर्को प्रसङ्ग पनि जोडिन आउँछ । वंशावलीमा उल्लेख गरिएअनुसार यिनीहरूको एउटी कैली गाई बहुही सधैं वाग्मतीको तिरमा गई दूध चढाउने गरिआएकोमा सो ठाउँमा खोतल्न लाग्दा पशुपतिको ज्योतिर्लिङ्ग उत्पन्न भयो र त्यसको तेजले गोपालहरूको सरदार जलेर भष्म भए । पछिबाट टेकु दोभानमा तपस्या गरेर बसेका ने मुनिले यिनै सरदारका छोरा भूमि गुप्तलाई नेपाल उपत्यकाको राजा घोषित गरिदिए । यसरी नेपालको प्रथम राजवंशका रूपमा गोपालहरूको स्थापना भयो ।

यस कालको सबैभन्दा राम्रो उपलब्धि चाहिँ यस मुलुकको नाम नेपाल रहेकोलाई मानिएको छ । गोपालहरू नीप जातिका थिए । र नीपबाट नैप हुँदै आल प्रत्यय जोडिएर नेपाल बन्न गएको हो । इतिहासकार ज्ञानमणि नेपालले नेपालमा सभ्यताको विषयमा प्रवेश नै यस कालमा भएको मान्यतालाई व्यक्त गर्नुभएको छ । सारांशमा नेपालमा स्थायी वसोवासको थालनी राज्य व्यवस्थाको सूत्रपात, पशुपतिनाथको स्थापना र राष्ट्रको नामाकरण जस्ता सामान्य तर चिर महत्त्वको कार्यहरूको सूत्रपात यसै कालमा भएको मान्न सकिन्छ । वास्तवमा गोपाल भनेका नेपालका संस्थापकहरू थिए । जुन जगमाथि यो राष्ट्र अद्यापि खडा छ ।[३]

हिमवत्खण्ड नेपाल माहात्म्य प्रकरणबाट उल्लेखित ने मुनिको प्रसङ्गलाई प्रष्ट पार्दै भनिन्छ कि अगस्त्यमुनिले कार्तिक स्वामीलाई सोध्नुभयो कि सम्पूर्ण पर्वतहरूमध्ये यो हिमालय पर्वत सबैभन्दा ठूलो र पवित्र कसरी भयो ? सबै शिखरहरू तपोमय कसरी बने ? हिमालयले कसरी कल्याणकारी तपोमय शरीर पाए ? यसको जवाफमा कार्तिक स्वामीले भन्नुभयो कि, हिमालय पर्वत श्रृङ्खलाको सुन्दर क्षेत्रमा अवस्थित अत्यन्त पवित्र मोक्षदायी नेपाल नामक धरातलमा पशुपतिनाथ विराजमान हुनुभएको छ । जहाँ मुक्तिदायिनी गुह्येश्वरी बस्नुभएको छ । जहाँ आद्ययोगिनी बसेका छन् । त्यसै ठाउँमा गरूडध्वज भगवान् विष्णु विराजमान हुनुहुन्छ । सिद्ध ऋषि र देवताहरूले सुशोभित तीनै श्रेष्ठ नदीहरू (मणिमती, वीरभद्रा, धर्मनदी, सत्यनदी, सरस्वती, प्रभावती) को बीचको क्षेत्रमा भगवान् पशुपतिनाथ विराजमान हुनुभएको छ ।

स्कन्दजी आज्ञा गर्नुहुन्छ– हे अगस्त्य ! तिमी अत्यन्त धर्मशील छौ । यसमा सन्देह छैन किनभने लोक तार्ने यस प्रकारको बुद्धि उत्पन्न भयो ।४६। तिमीलाई सब लोकको उपकारका निमित्त नेपालको महात्म्य सुन्नलाई खुब श्रद्धा भएको छ ।४७। हे अगस्त्य ! तिमी मेरा भक्त छौ । दया धर्ममा लागेका छौ, तसर्थ हे प्रिय सुन ठूलो फल भएको

नेपालको महात्म्य भन्दछु ।४८। अघि ने नाउँ भएका ठूला तपस्वी आर्य श्रेष्ठ मुनि थिए । ती मरीचिका छोरा हुन् । बुद्धिमान् थिए र सबै प्राणीका उपर अत्यन्तै दया पनि गर्दथे ।४९। दान धर्ममा लोकमा नित्य सत्य बोल्ने इन्द्रिय जितेका शान्त सबैमा सर्वदा कृपा गर्ने स्वभावका ।५०। ती ने मुनिले १२ वर्षसम्म कठोर (ठूलो) तपस्या ती योगिनी भएको ठाउँमा गरे । ती ने मुनिले सप्तर्षिका साथ पर्वतका ओढारमा त्वष्टाले बनाएका स्तोत्रले योगिनी देवीको पूजा गरे ।५२। ती ने मुनिका भक्तपूर्वकका तपस्या देखी देवी अत्यन्त प्रसन्न हुनुभयो । त्यसपछि ने मुनिलाई वरदान दिन देवी योगिनी देवी प्रकट हुनुभयो ।५३।

देवी भन्नुहुन्छ- हे भक्त श्रेष्ठ ने मुनि ! तिम्रा तपस्याले प्रसन्न छु ।५४। सुन बाबू सावधान भएर, यो मेरो शरीरले तिमी भक्तहरूमा आजदेखि प्रलयपर्यान्त सिद्ध भए, त्यसपछि ममा लीन हुनेछौ ।५५। हे वत्स ! तिमीले यो ठाउँ पशुपतिनाथको उत्तम क्षेत्रलाई धर्मको रक्षाको निमित्त धर्मपूर्वक पालन गर ।५६। यसै उसले साराले तीनै लोकमा यो अत्यन्त गौरवान्वित नेपाल भनेर तिम्रै नाउँले सबैले बोल्नेछन् ।५७। सात द्वीपमा जम्वू द्वीप उत्तम छ, जम्वू द्वीपमा पनि काशी क्षेत्र ठूलो छ ।५८। काशीक्षेत्रभन्दा कामनाको फल दिने भुक्ति मुक्ति दिने पशुपति क्षेत्र नेपाल ४ गुणाले श्रेष्ठ छ ।५९। हे पुत्र ने मुने ! नित्य भक्तपूर्वक श्रीपशुपतिनाथको पूजा गरी त्यहीँ बसी श्री पाशुपत क्षेत्रको राम्ररी रक्षा गर ।६०। त्यस कालान्तरमा फेरि सो पाशुपत क्षेत्र धेरै वर्षसम्म वाग्मतीको जलले छोपेर लुप्त हुने छ ।६१।

स्कन्दजी आज्ञा गर्नुहुन्छ- वर पाएका ने मुनिले देवीको आज्ञा लिएर सर्वदा धर्मले पाशुपत क्षेत्रको सर्वदा धर्मका पालन गरे ।६२। लोकलाई राम्ररी बुझाई नेपालमा गर्नुपर्ने नियम संझाइ व्रत उपासना पूजाहरूद्वारा पाशुपत क्षेत्रको ने मुनिले रक्षा गरे ।६३। त्यसपछि देवासुर र सव लोकले नेपालको प्रतिष्ठा गरियो । देवीका प्रसादबाट पाएका जितेन्द्रिय ने मुनिले तप गरेको हुनाले पनि नेपाल भनियो ।६४।

स्कन्द उवाचः

अहो धन्यतमोऽगस्त्य धर्म्मशीलो न संशयः ।
यतश्चैवेदृशी बुद्धिः संभूता लोकतरिणी ॥४८॥
नेपालस्य च माहात्म्यं श्रवणायाधुना हि ते ।
सुनिष्ठा जापते भुयः सर्वजनोपकारकम् ॥४९॥
भक्तेसि त्वं ममागस्त्य दयाधर्मरतः सदा ।
श्रृणु वत्स प्रवक्ष्यामि तन्माहात्म्य महत्फलम् ॥५०॥
ने–नामार्यो मुनिश्रेष्ठ आसीत्पुरा महातपाः ।
मरीचेस्तनयो धीमान्सर्व्वसत्वदयापरः ॥५१॥
दान्तश्च सर्व भूतेषु कृपाशीलश्च सर्व्वदा ।

दान धर्म्मरतो नित्यं सत्यवादी जिनेन्द्रियः ॥५२॥
तेन तप्तं तपस्तीव्रं यत्रास्ते योगिनी मुने।
द्वादशाब्दं पुरा व्याप्य कठोरं महदद्भुतम् ॥५३॥
सप्तर्षिभिः समं भक्त्या शैलकोष्ठे तु ने-मुनिः।
आनर्च्च योगिनीं देवी त्वष्ट्रा सुतिस्मितैस्तवैः ॥५४॥
तस्यैव तपसा देवी भृशं तुतोष भक्तितः।
वरं दातुं ततस्तस्मै आविर्भूत्वाच योगिनी ॥५५॥
देव्युवाच
भो भक्त नेमुनि श्रेष्ठ ते तपसा च सन्ततं।
तुष्टोऽहं ते वरं दास्ये श्रृणु पुत्र समाहितः ॥५६॥
त्वं सिद्धो भव भक्तेषु अनेन तनुना मम।
अद्यादिक्षयपर्यान्तं ततो मयि प्रलोयसि ॥५७॥
त्वं च पालय हे वत्स इदं स्थानं निरन्तरं।
वरं पशुपतेः क्षेत्रं धर्म्मेण धर्म्म रक्षितुम् ॥५८॥
ततो तनेलोका वदिष्यन्ति तेऽभिधानेन सन्ततं।
त्रैलोक्यानां गरिष्ठोयं नेपाल इति सर्वतः ॥५९॥
द्वीपानां चैव सप्तानां जम्बूदीपो गरीयसः।
तस्मिंश्चैव गरिष्टं च वाराणसीस्थलं महत् ॥६०॥
तस्माच्चतुगुणं ज्ञेयं श्रेष्ठक्षेत्रं च कामदं।
भुक्ति मुक्तिप्रदं साक्षत्पशुपतिस्थलं महत् ॥६१॥
नित्यं पशुपतिं पुत्र समभ्यच्चर्य सुभक्तितः।
स्थित्वा तत्रेव सम्यक् त्वमेतत्क्षेत्रं प्ररक्षय ॥६२॥
ततः कालान्तरे भूयः तत्क्षेत्रं बहुवत्सरं।
वाग्मती जलसम्पूर्ण नदी (ह्रदी) भुता भविष्यति ॥६३॥
स्कन्द उवाच
देव्याश्चाज्ञां समादाय लब्धवरो मुनीश्वरः।
धर्मेणापालयत्क्षेत्रं पाशुपतं हि संमन्ततम् ॥६४॥
लोकान्प्रबोधयन्सम्यक् नियमं तत्प्रबोधयन्।
व्रतोपवास पूजाभिः क्षेत्रमरक्षयन्मुनिः ॥६५॥
ततो हि नेपाल इति प्रतिष्टा
देवासुरैश्चापि हि सर्वलोकैः।
देव्याः प्रसादाद्धरसंप्रलब्धो
नेनामदातं प्रतपः कृताश्च ॥
इति श्री स्कन्द पुराणे हिमवत्खण्डे गिरिराजनेमुन्योस्तपः सिद्धिर्नामोनसप्ततितमोध्यायः ॥६९॥

ऋषि अगस्त्यले स्कन्द कुमारसँग नेपालमा विद्यमान स्वायम्भुव लिङ्गहरू बारे जान्ने इच्छा राख्दा स्कन्दले नेपालमा विभिन्न तीर्थस्थलमा अवस्थित चौसठ्ठी लिङ्ग साथै तिनको महिमा अगस्त्यलाई बताएका थिए। त्यस्तै पूर्वजन्मको संस्कारका कारण विरूपाक्षको आचार भ्रष्ट भई तिनले पाप कर्म गर्दा कुष्ठादी रोगले पीडित भई भौतारिँदै नेपालको कुलपीठ नामक पर्वतमा लीवावती (रोसी) र कौशिकी (तामाकोशी) को सङ्गममा आइपुगेका उनको भेट नेमुनिसँग भयो। ने मुनिले विरूपाक्षलाई सर्वप्रथम रोसी र तामाकोशी नदीको सङ्गम दुर्गा तीर्थमा स्नान गराई सोही तीर्थ समीप अवस्थित कुशेश्वर शिवलिङ्गको उपासना गराउनुका साथै तिनको महात्म्य सुनाए। यसैगरी अन्य तीर्थयात्राको क्रममा विरूपाक्षले प्रत्येक तीर्थको उत्पत्ति तथा शिवलिङ्गको उत्पत्ति र महात्म्य सुन्ने जिज्ञासा राखे।

नेमुनिले विरूपाक्षलाई कुशेश्वर शिवलिङ्ग लगायत चौसठ्ठी स्वायम्भुव शिवङ्गिहरूको तीर्थयात्रा, तीर्थ स्नान गराई, प्रत्येक शिवलिङ्गको उपासनाल गराई ती तीर्थको उत्पत्ति, ज्योतिर्लिङ्गको उत्पत्ति तथा तिनको महात्म्य सुनाए। अन्त्यमा नेमुनिले विरूपाक्षलाई भगवान् पशुपतिनाथ र साँखु बज्रयोगिनीको दर्शन समेत गराए। उक्त सम्पूर्ण प्रसङ्गको वर्णन हिमवत्खण्डपुराणमा विस्तृत रूपमा गरिएको छ। (हिमवत्खण्डपुराण ७०/१३)

यसरी भन्न सकिन्छ ने नामका ऋषिले गर्दा नेपाल भयो। ने ऋषि पञ्चम बुद्ध काश्यपभन्दा पछिका हुन्। यिनले पशुपति ज्योतिर्लिङ्गको स्थापना गरेका हुन्।

नेपाल या नयपालको पवित्र भूमिले जनकपुरमा जगज्जननी सीतालाई, हेलम्बुमा हेरम्वमाता उमा पार्वतीलाई तथा लुम्विनीमा भगवान् बुद्धलाई जन्माइन्। पञ्चपोखरीमा विश्वामित्र, गण्डकी मण्डलमा भारद्वाज र श्रृङ्गी ऋषि, भैसालोटनमा वाल्मीकि ऋषि, जुम्लामा व्यास, कपिलवस्तुमा याज्ञवल्क्य गौतम र सांख्यकार कपिल तथा बफाङमा मनुको आश्रय यही नेपालमा थिए। गलकोट राज्यमा कामशास्त्रका आचार्य वात्सायानको आश्रम तथा भृगुकोट (भीरकोट)मा भृगुसंहिताकार भृगु मुनिको आश्रय थियो। भगवान् कृष्ण र मञ्जुश्री, पद्मसंभव, अशोक शंकराचार्य आदि पनि यहाँ आइ बसेका थिए। साच्चै भन्ने हो भने

नेपाल शब्दले देवभूमि सार्थक बताउँछ ।

नेपालको सेरोफेरो सानो भएता पनि यसको इतिहास अत्यन्त महान् तथा गौरवपूर्ण छ । विश्वको सबैभन्दा उच्च सगरमाथा हिमालको काखमा हुर्केको यो नेपाल ज्यादै प्राचीन छ । कुनै पनि राष्ट्रको संस्कृतिको निर्माण एवम् विकास एक्कासि हुँदैन वरू त्यस देशका निवासीहरूले हजारौ वर्षको त्याग र तपस्याको क्रमबद्ध इतिहासबाट हुन्छ । हामीलाई पहिले ज्ञान चाहिएको हुन्छ । त्यही ज्ञानलाई अनुभवको कसीबाट घोटेर विज्ञान बनाउनु पर्दछ । यति भए विज्ञान सहितको ज्ञानले आत्यान्तिक कल्याण गर्दछ, शान्ति दिन्छ । वस्तु जहाँ छ त्यहीं खोज्नु पर्दछ भएको ठाउँमा आधिकारिक व्यक्तिले योग्यता पुगेका समर्थ व्यक्तिले खोजे यथार्थतलाई पाउन सक्छौं ।

आज इतिहासका कैयौं महत्त्वपूर्ण कुराहरू, यथार्थहरू, घटनाहरू आदि इत्यादि अतीतका गर्भमा विलीन हुँदैगइर हेछन् । जसको पहिलो कारण ऐतिहासिक कुराहरूको खोजी नहुनु र प्राप्त भएकाहरूको पनि अध्ययन राम्ररी हुन नसक्नु हो । इतिहासका यस्ता कुराहरू कति छन् कति तर आजसम्म खोजी गरिएको पाइँदैन । त्यसैले गर्दा प्राचीन कालका धेरै चीजहरू परिवर्तन हुँदै कि त अप्रभंश भइरहेछन् कि नयाँ सभ्यताले विर्साउँदै लगिरहेछन् ।

इतिहास भनेको इतिहास हो, सयम सापेक्षमा बाँच्न जान्नु पनि पर्दछ । तर पूर्वजका इतिहासलाई पनि गौरव गरेर मान सम्मानका साथ जगेर्ना गर्न सक्नु पर्दछ तव पुस्ता पुस्ता हुँदै यसले आउने पिढीहरूलाई अगाडि बढ्न उज्यालो देखाइरहन्छ । राष्ट्रलाई पूर्ण इतिहासको साथै भूगोलको खाँचो थियो र छ, रहने पनि छ । यो महान कार्यमा शिक्षा विभाग, पुरातत्त्व विभाग, विश्व विद्यालय, पुस्तकालयहरू, ऐतिहासिक विद्वान्हरू, ऐतिहासिक विद्यार्थीहरू र जनताको सक्रिय सहयोग हुनुपर्दछ । अनुसन्धान गरी प्रकाशमा ल्याउनु पर्दछ, पाठ्यक्रममा राख्नु पर्दछ । किनकि हाम्रो नेपाल हिमवत् खण्ड तपस्याको भूमि हो । प्रकृतिको लीलास्थल हो । वीरवीराङ्गनाको पुण्यभूमि हो । आदि कालदेखि यसको अक्षुण्ण सार्वभौमकिता र स्वाधिनताको इतिहास छ । संसारको सर्वोच्च टाकुरा सगरमाथा, वैष्णवमात्रका परमपावन शालिग्राम शिला, शैव मात्रका परम पावन तीर्थ पशुपतिनाथ र शक्ति मात्रका परम साधना पीठ गुह्येश्वरी र भगवान् बुद्धको पवित्र जन्मस्थान लुम्बिनी यहीं छन् । देवतालाई प्रिय भएको कस्तुरी र पितृलाई मन पर्ने खगौता यहीं पाइन्छन् ।

मगधका राजा विन्दुसारले तपाईको जन्मभूमि कहाँ हो ? भनेर सोध्दा स्वयं बुद्धले भनेका छन्- उर्जु जनपदो राजा हिमवस्सत, पसत्ता 'राजा ! मेरो देश हिमालयको काखमा छ ।' यस उक्तिले नेपाल राष्ट्र गौरवान्वित भएको छ । यो त स्पष्ट छ कि नेपालको राष्ट्रियता सबभन्दा प्रज्वलित भएको प्राचीन ग्रन्थ त हिमवत्खण्ड नेपाल माहात्म्य नै हो ।

संसारमा जति पनि धार्मिक तथा अन्य दर्शनहरू एवम् आविष्कारहरू भएका छन्, ती सबै हाम्रो देशमा जन्मनु भएका व्यासले एकत्रित गर्नुभएको एवम् लेख्नुभएको वेद लगायतबाट सिर्जित छन् । महर्षि पाणिनी एवम् जैमिनीको दार्शनिक सोचबाट आएका तथ्यहरूका साथै हाम्रै देशका ऋषिमहर्षिहरूका पौराणिक पुस्तकहरूले धार्मिक दर्शनको ज्ञान खुलाएको छ । यी सबैमा न्याय गर्नुपर्ने जिम्मेवारी हामीमा आएको छ ।

नेपाल सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान र यस कलियुगमा वैदिक सनातन राष्ट्र नेपालको नामबाट विश्व प्रतिष्ठ छ । हाम्रो देशका अदुरदर्शी नेताहरूले पश्चिमी राष्ट्रसँगको साँठगाँठबाट विश्वको एक मात्र हिन्दु राष्ट्र नेपाललाई २०६३ जेठ ४ मा धर्मनिरपेक्ष राष्ट्र बनाए । र २०७२ असोज ३ मा जारी भएको नयाँ संविधानमा पनि त्यसैलाई निरन्तरता दिए । करिव ९१ प्रतिशत ओमकार परिवार (वैदिक सनातन, बौद्ध, जैन, शिख, किरात आदि)को भावनालाई कुठाराघात गरी आत्मसम्मानमा गम्भीर चोट पुर्‍याएर सम्पूर्ण नेपालीहरूको परिचय गुम्ने बलियो आधार बनाएर सोझा निमुखा जनतालाई आर्थिक प्रलोभन देखाई हिन्दुराष्ट्र नेपालको अस्तित्वलाई धरायसी बनाउँदैछन् । त्यसलाई यथासिघ्र रोक्नु पर्दछ । त्यस्तै, हाम्रो देशको उत्पत्तिका सम्बन्धमा तथा नेमुनीका समेत थप गहन अध्ययन गरी यसको आधिकारिकता स्थापित गर्नुपर्दछ ।❖

-बत्तीसपुतली, काठमाडौं

संक्षिप्त परिचय

दशमहाविद्या मन्दिर

-माया शर्मा

पुत्रदा एकादशीको दिन थियो । हामी पतिपत्नी भगवान् बूढानीलकण्ठ नारायणको दर्शन गर्न भनेर लागियो । हाम्रो आवास कैलासकुञ्जबाट पूर्वतिर बूढानीलकण्ठ बाबाको मन्दिर पर्छ । त्यहाँ पुग्न हामीले करिब एक घण्टा पैदल यात्रा गर्नुपर्छ । हामी मन्दिरको नजिकै पुगेका थियौँ । त्यहाँ हाम्रा पूर्वपरिचित मित्र सद्‌गुरूदेव कमलयोगी परिवारसहित भेट हुनुभयो । उहाँ आध्यत्मिक स्वभावको व्यक्ति हुनुहुन्छ । गुरूले दशमहाविद्या मन्दिरको स्थापना गर्नुभएको छ भन्ने मैले सुनेकी थिएँ । मैले उहाँसित जिज्ञासा राखेँ- गुरू ! तपाईंले स्थापना गरेको मन्दिरको दर्शन गर्न पनि आउन पाइएको छैन ।

उहाँले तुरून्तै उत्तर दिनुभयो- आजै जाऔं । गाडी पनि छ । ल बसौँ । पाँच मिनेटमा पुगिहालिन्छ ।

बूढानीलकण्ठ मन्दिरको पश्चिमपट्टिबाट हाम्रो यात्रा पूर्वोत्तरतिर मोडियो । मेरो मनमा कुरा खेले । हाम्रो देश मठ मन्दिरले भरिएको छ । यहाँ उग्रतारा, त्रिपुरासुन्दरी, पाथीभरा, जनकनन्दिनी जानकी, गुह्येश्वरी, बगलामुखी, दक्षिणकाली, बागलुङ कालिका, विन्ध्यवासिनी, मनकामना, वागेश्वरी आदि अनेक मन्दिरमा देवीको पूजा अर्चना हुन्छ ।

नेपाल हिमालयहरू भएको देश हो । यिनै हिमालयमा भगवान् शिव र भगवती पार्वतीको वास छ । यहाँका चुली थुम्काहरूमा अनेक देवीदेउरालीका थान छन् । हाम्रा पुर्खाहरूले आफ्नो आस्था खन्याएका यी देवालयले गर्दा हामीलाई सुरक्षाको अनुभव भइरहन्छ । हाम्रो देशको राजधानी काठमाडौं त मन्दिर देवालयले भरिभराउ छ । यहाँ गल्लीगल्लीमा मठमन्दिरको दर्शन गर्न पाइन्छ ।

हामी एकै छिनमा बूढानीलकण्ठ मन्दिरको पूर्वोत्तरपट्टिको डाँडामा पुग्यौं । त्यो ठाउँ शिवपुरी निकुञ्जको नजिकै छ । माथि घनाजङ्गल देखियो । तल बस्ती बढ्दै गरेको छ । हाम्रो गाडी रोकियो । सद्‌गुरूदेवले भन्नुभयो- ल, मन्दिर आयो । हामी झरौं ।

हामी मोटरबाट ओर्लेर भ¥याङका सिँढीतिर लाग्यौं । गुरूले भन्नुभयो- यहाँ ७६ वटा सिँढी छन् । अझै काम बाँकी छ ।

उहाँले त्यहाँको मन्दिर निर्माण गर्दा कसरी काम

गरियो भन्ने जानकारी पनि दिँदै जानुभयो । दशमहाविद्या मन्दिरको प्राङ्गणमा हाम्रा पाइला पुगे । आहा ! कति मनोरम दृश्य रहेछ । प्रसिद्ध तीर्थस्थल बूढानीलकण्ठ मन्दिरबाट पूर्वउत्तरमा रहेको यो ठाउँ बूढानीलकण्ठ नगरपालिकाको वार्ड नं १ मा पर्दछ । यो ठाउँको माथि शिवपुरी राष्ट्रिय निकुञ्जको जङ्गल छ । यहाँबाट तल काठमाडौंसम्मकै सुन्दर दृश्यहरू देख्न सकिन्छ । यही पखेरामा नवनिर्माण गरिएको यो मन्दिर प्रदूषणरहित छ । यहाँ आएर यता उता हेर्दा मनमा अपार आनन्दको अनुभूति भयो । मैले भनेँ– ओहो ! आज हामीलाई यस्तो साइत परेछ गुरू ! एकै मिनेटले गर्दा हाम्रो भेट भयो । नत्र यो अवसर छुट्ने थियो । यो सबै भगवतीमाताको कृपा हो । उहाँले भन्नुभयो– म पनि धेरै समयपछि आज त्यता गएको थिएँ ।

कमल योगी गुरूले मन्दिर परिसरका धेरै कुराको जानकारी गराउनुभयो । जुन कुरा मैले आजसम्म देखकी थिइनँ । मन्दिरको बाहिरी भित्तामा राधाकृष्णको अर्धनारीश्वर दुर्लभ मूर्तिको दर्शन गर्न पाइन्छ । यो मन्दिरका बाहिरपट्टि अरू मूर्ति पनि छन् । हामीलाई बाहिरी परिवेशको जानकारी गराएपछि कमल योगी गुरूले मन्दिरभित्र रहेका दशमहाविद्याको दर्शन गराउने हेतुले ढोका खोल्नुभयो । भित्रको परिवेश अत्यन्त सफा, सुन्दर र शान्त छ । बिचमा भोले बाबा पशुपतिनाथको मनमोहक मूर्ति छ । वरिपरि दशमहाविद्याका मूर्ति स्थापित गरिएका छन् । ती मूर्ति तन्त्रशास्त्रअनुसार प्राणप्रतिष्ठा गरिएका हुन् । ती यसप्रकार छन्– काली, तारा, षोडशी, बगला, भुवनेश्वरी, धूमावती, छिन्नमस्ता, मातङ्गी, भैरवी र कमला । हामीले मन्दिरभित्र घुम्दै महादेवको मूर्तिसाथै सबै दशमहाविद्याको दर्शन गऱ्यौँ र आफ्नो आस्था खन्यायौँ । यो मन्दिर हालै निर्माण गरिएको हो । यसको प्रचार क्रमशः हुँदैछ । नेपाल, भारतका दर्शनार्थीहरू यहाँ आउने क्रम बढ्दो छ ।

गुरूले बताएअनुसार यो मन्दिरका विशेषता के छन् भने–

१. एउटै छानामुनि दशमहाविद्याका मूर्ति रहेका छन् ।

२. तान्त्रिक विधानअनुसार यी मूर्ति छ फिट अग्ला बनाइएका छन् । यी ढलोटबाट बनेका छन् । यो श्रीविग्रह स्थान हो ।

३. यो मन्दिर सिद्धनाथ कुलगुरूपरम्परा अनुसार निर्माण गरिएको छ ।

४. यो चारवटा पीठ– १. मन्त्रपीठ २. मुद्रापीठ ३. मण्डलपीठ र ४. विद्यापीठ एकै ठाउँ भएको स्थान हो ।

५. यहाँ महालक्ष्मी सिद्धपीठ पनि अवस्थित छ ।

हामी यो मन्दिरभित्र दर्शन गरेर धेरै बेर बियाँलियौँ । यो समयमा हामीलाई गुरूले अरू धेरै कुराको जानकारी गराउनुभयो । यहाँको दृश्यले हामीलाई आकर्षित गरेको कुरा म फेरि भन्छु । मन्दिरको दर्शन लगायत कैयौं कुराले हामीलाई अपार आनन्द आयो ।

हामीले वरिपरिका दृश्य हेर्दै दुई घण्टा त्यहाँ बितायौँ । फलफूल आदि प्रसाद लियौँ । हामी सबैजना फोटोमा कैद भयौँ र बिदा भएर उनै सिँडीबाट तल झऱ्यौँ । पैदल नै बूढानीलकण्ठ बाबाको मन्दिर दर्शन गरेर आवासतिर लाग्यौं । यसरी पुत्रदा एकादशीको दिन सार्थक भएर बित्यो ।❖

–बूढानीलकण्ठ– ४, कैलासकुञ्ज, भसन्थली

शिवमानसपूजा



रत्नैको अतिदिव्य आसन छ यो स्नानार्थ गंगा जल ।
त्यस्तै वस्त्र छ स्वच्छ, चन्दन सदा कस्तूरि वास्ना युत ॥
जाही, चाँप र बेलपत्र पनि छन् ती धूप वत्ती पनि ।
यो सारा मनले रचें पशुपते ! स्वीकार होला भनी ॥
॥१॥
हीरा औ सुनका कचौरिहरूमा घ्यू खीर थालैमहा ।
नाना भक्ष्य र भोज्य दूध दही छन् पानी छ साथै महा ॥
चौरासी अनि व्यञ्जनै जल सफा कर्पूर वास्ना युत ।
त्यस्तै यो मसला र पान पनि लौ स्वीकार गर्नोस् अव ॥
॥२॥
छाता चामर हम्कने चहकिला आदर्श ती ठीक छन् ।
वीणा ढोलक ती सनाइहरूका गङ्गीत यी नृत्य भन् ॥
साष्यङ्गः प्रणती र औ स्तुतिहरू यी दीव्य लौ नाथमा ।
ल्याएँ शुद्ध पवित्र यो हृदयले लौ लीनुहोस् हातमा
॥३॥
आत्मा हो शिव, पार्वती त मति हो यो प्राण साथी न हो ।
यो देहै घर हो पुजा यजन हो निद्रा समाधिस्थ भो ॥
घुम्नू चाहिं प्रदक्षिणा हुन गयो बोल्नु सबै स्तोत्र हो ।
जे जे गर्छु सबै म यो हजुरको आराधना नै त हो ॥
॥४॥
कर चरण शरीरैबाट वा बुद्धिले त्यो ।
अवयव सब आँखा कानले नित्य तिम्रो ॥
बुझि नबुझि गरें जो धर्म वा पाप नाथ ! ।
जय जय शिव शम्भो ! पाउँ सम्पूर्ण माफ ॥
॥५॥❖



भावनुवादः
-प्रा. भवानीप्रसाद खतिवडा

-कुमारीगाल, काठमाडौं

गतिविधि

प्रा.डा. घिमिरे र गौरी मासिकलाई पुरस्कार र सम्मान

वि.सं. २०८१ सालका लागि रूपकुमारी अध्यात्म सेवा अनुष्ठानबाट अर्पण हुने पुरस्कार र सम्मान क्रमशः आध्यात्मिक पत्रिका 'गौरी मासिक', काठमाडौँलाई र धार्मिक, आध्यात्मिक क्षेत्रका वरिष्ठ विद्वान् प्रा. डा. दीर्घराज घिमिरेज्यूलाई अर्पण गरिने भएको छ। पुरस्कार, सम्मान अर्पण कार्यक्रम यही जेठ ५ गते शनिबार लेखनाथ साहित्य सदन, सोह्रखुट्टेमा हुने बताइएको छ।

काठमाडौं प्याफल टोल निवासी साहित्यकार, व्याकरणकार, शिक्षक, भाषासेवी एवम् नेपाली शिक्षा परिषद्का संस्थापक स्वर्गीय गोपाल पाँडे असीमकी धर्मपत्नी कर्मयोग र अध्यात्म साधनामा जीवन बिताइ ध्यान अवस्थामै ब्रह्मलीन हुनुहुने स्वर्गीय रूपकुमारी पाँडेको स्मृति र सम्मानमा उहाँका एक छोरा र तीन छोरीको सक्रियतामा अक्षयकोषको व्यवस्था गरी वरिष्ठ समाजसेवी भीमबहादुर अधिकारीको अध्यक्षतामा वि.स. २०६५ सालको मातृसम्मान दिनको पावन अवसरमा यस पुरस्कार/सम्मानको स्थापना गरिएको हो।

प्रा.डा. ढकालको निधन

कवि, अनुसन्धाता एवम् प्राध्यापक वेणीमाधव ढकालको ७७ वर्षको उमेरमा गत वैशाख १८ गते निधन भएको छ।

योगी नरहरिनाथ तथा डाक्टर स्वामी प्रपन्नाचार्यज्यूको सान्निध्यमा रहेर उहाँले सरयू संस्कृत विश्वविद्यालय उत्तराखण्डमा साहित्य विभागको अध्यक्ष बनी प्राध्यापन गर्नुभएको र पछि भारतको शंकराचार्य नगरको स्नातकोत्तर संस्कृत विश्वविद्यालयमा विशिष्ट विद्वान् रामचन्द्र मालवीय तथा आचार्य पूर्णचन्द्र ढुंगेलसँगै प्राध्यापन गरेको इतिहास छ।

कवि, प्राध्यापक एवम् विशिष्ट अनुसन्धाता प्रा. डा. वेणीमाधव ढकालको जन्म ११ पुस, २००४ मा पश्चिम नेपालको पाल्पामा भएको थियो। ११ वर्षको कलिलो उमेरमा उहाँ बनारस, हरिद्वार साथै ऋषिकेशमा गई अध्ययन गर्नुभएको थियो। उहाँ विद्यार्थी जीवनमा उत्कृष्ट भई भारतका विभिन्न विश्वविद्यालयमा औपचारिक रूपमा संस्कृत साहित्य विषय प्राध्यापन गर्नुभएको थियो।

इतिहासकार ज्ञानमणि नेपालको निधन

इतिहासकार तथा प्राज्ञ ज्ञानमणि नेपालको ९२ वर्षको उमेरमा यही जेठ १ गते निधन भएको छ। लामो समयदेखि मुटुको रोगसहित विभिन्न शारीरिक समस्याले ग्रस्त उहाँको मनमोहन कार्डिओभास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा उपचारको क्रममा निधन भएको हो। उहाँकी पत्नीको केही वर्षअघि नै निधन भइसकेको छ। उहाँका दुई छोराहरू छन्।

नेपालको प्राचीन तथा मध्यकालीन इतिहासबारे गहिरो अध्ययन गर्नुभएका नेपालका 'नेपाल निरूक्त', 'नेपाल निरूपण'लगायतका विशिष्ट कृतिहरू प्रकाशित छन्। उहाँको निधनबाट संस्कृत वाङ्मय र नेपाली इतिहासका क्षेत्रमा अपूरणीय प्राज्ञिक क्षति भएको विद्वान्हरूको भनाइ छ।

नेवारी र तामाङ भाषालाई कामकाजी भाषाको मान्यता

वागमती प्रदेशमा नेपाली सहित नेवारी र तामाङ भाषालाई पनि कार्यालयको कामकाजी भाषा बनाउने निर्णय कार्यान्वयन भएको छ। प्रदेश सरकारको वैशाख १२ गते बसेको बैठकले कामकाजी भाषा ऐन, २०८० वैशाख २४ गते सोमबारदेखि लागु गरेसँगै निर्णयको कार्यान्वयन भएको हो।

उक्त निर्णयको कार्यान्वय गरिएको दिनलाई बागमती प्रदेशले दिवसको रूपमा मनाएको थियो। सो अवसरमा वागमती प्रदेश संस्कृति पर्यटन तथा सहकारी मन्त्री शैलेन्द्र बज्राचार्यको संयोजकत्वमा "वागमती प्रदेश सरकारी कामकाजी भाषा ऐन, २०८० शुभारम्भ घोषणा मूल समारोह समिति" गठन गरी बसन्तपुर डबलीमा उक्त घोषणा समारोह कार्यक्रम गरिएको थियो।

वृहत् सांस्कृतिक कार्यक्रम

दोस्रो संस्करणको एएमएस इन्टरनेसनल अनर

अवार्ड तथा सांस्कृतिक कार्यक्रम जापानमा सम्पन्न भएको छ। एएमएस इन्टरटेण्मेण्ट र सनराइज कम्पनी जापानले संयुक्त रूपमा आयोजना गरेको उक्त अवार्ड जापानको टोकियोमा एक भव्य कार्यक्रमबीच सम्पन्न भएको हो।

कार्यक्रममा सहभागी हुन नेपालबाट चर्चित व्यक्तिहरूकोसमूह जापान पुगेको थियो। बरिष्ठ कलाकार शिव श्रेष्ठ, चलचित्र विकास बोर्डका अध्यक्ष भुवन केसी, संगीत रत्न शम्भुजित बाँस्कोटा, संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य चेतन सापकोटालगायत जापान जानुभएको थियो।

महाकुम्भ मेलाको विधिवत समापन

सुनसरीको चतराधाममा एक महिनासम्म लागेको बाह्रवर्षे पूर्ण महाकुम्भ मेला विधिवत रूपमा सम्पन्न भएको छ। गत वैशाख २८ गते अक्षयतृतीयाका दिन कुम्भ परिसर क्षेत्रमा रहेको सप्तकोशी नदीमा शुभमुहूर्तमा विधिवत् रूपमा अन्तिम महास्नान गरी मेला सम्पन्न भएको हो। कुम्भको पाँच स्नानमध्ये प्रारम्भ कुम्भ स्नान बैशाख २७ गते, प्रथम कुम्भ शाही स्नान बैशाख १ गते, द्वितीय कुम्भ शाही स्नान बैशाख ११ गते र तृतीय कुम्भ शाही स्नान बैशाख २६ गते र वैशाख २८ गते समापन स्नान गरिएको थियो।

यस पटकको अन्तिम शाही स्नान २८ गते नै जुरेको थियो। सो अवसरमा कुम्भको स्नान गर्न कुम्भमेलाका अन्वेषक अनन्तश्री विभूषित जगत्गुरू बालसन्त मोहन शरण देवाचार्य, नेपाल सरकारका मुख्य सचिव बैकुण्ठ अर्याल, वराहक्षेत्र नगर प्रमुख रमेश कार्की, प्रधानमन्त्री कार्यालयका सचिव अर्जुन पोखरेललगायत हजारौँको संख्यामा बजागाजासहित सहभागी हुँदै चतरा कुम्भ परिसरमा रहेको कौशीकी नदीमा महामस्नान गरिएको थियो। स्नानमा धर्माचार्य, सन्तमहन्त, पीठाधीश, मठाधीश, भक्तजनहरू लगायतले कौशिकी नदीमा पूजा अर्चना गरी समापन स्नान गरिएको हो। यस पटकको बाह्रवर्षे पूर्ण महाकुम्भ स्नान एवम् दर्शन गर्न देश विदेशका भण्डै ४० लाख भक्तजनहरूको सहभागिता भएको आयोजकको भनाइ छ।

प्राचीन हरिद्वार चतराधाममा २०५९ सालेखि कुम्भको आयोजना हुँदैआएको छ। चतराधाममा प्रत्येक ६ वर्षमा अर्धकुम्भ मेला र बाह्र वर्षमा पूर्ण कुम्भ मेला लाग्ने गर्दछ। यस पटकको कुम्भ मेलाको समुद्घाटन गत चैत २७ गते सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेलले गर्नुभएको थियो।

सन्तको सम्मानः गत वैशाख २८ गते अक्षय तृतीयाको दिन, पशुपति क्षेत्र विकास कोषको ३८ औं वार्षिकोत्सव समारोहमा कार्यक्रमका विशेष अतिथि डा. स्वामी केशवानन्द गिरीज्यूलाई अभिनन्दन गर्नुहुँदै प्रमुख अतिथि; कोषका अध्यक्ष एवम् पर्यटन, संस्कृति एवम् नागरिक उड्डयन मन्त्री हितबहादुर तामाङ।

तातो हावा ‘लु’ बाट जोगिने उपाय-

- सकेसम्म दिउँसो घरबाट बाहिर ननिस्कने,
- निस्कनै परे पातलो कपडाले टाउको छोप्ने वा छाता ओड्ने,
- फलफूलको रस र पानी प्रशस्त पिउने,
- धेरै पसिना आएमा जीवनजल पिउने,
- चिसो पानीले नुहाउने,
- कामकाज सकभर बिहान वा बेलुका गर्ने,
- मदिरा सेवन नगर्ने,
- सकेसम्म चिया, कफी, सोडा जस्ता पेय पदार्थ नपिउने ।

नेपाल सरकार

विज्ञापन वोर्ड

अरुणसिंह पण्डालवाला
प्रोपाइटर
ॐ
अरूणसिंह पण्डालवाला
गौरीघाट काठमाडौं, मोवाइलः ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५
सेवाहरुः
वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।
त्रिवेणी भोजनालय
क्षेत्रपाटी, काठमाडौं | फोनः ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद, पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं सम्झनुहोला !
दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्कः ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई, सुपथ मुल्य"
किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोनः ०१-४०२२५४४

अब गौरी मासिक इ-पत्रिकामा संसार भरि पनि पढ्न सकिन्छ ।
गौरी अब ईन्टरनेको माध्यमबाट पनि पढ्न सकिन्छ।
www.ushaeduhouse.com
मा गएर निःशुल्क, सशुल्क डोनेशनमा पढ्न सकिने जानकारी गराउँदछौं।

देश तथा विदेशमा रहनु भएका पाठक वर्गले सिधै सर्वसुलभ रूपमा पढ्न सक्नुहुनेछ।
गौरी मासिक पत्रिकाको निरन्तरताको निम्ति अक्षय कोष निर्माणको लागि यहाँको सानो सहयोग हाम्रो लागि अमूल्य रहनेछ। सहयोगको निम्तिः
eSewa
GAURI PUBLICATION
9851053601

DDC
नयाँ दिनको
शुभारम्भ
डि.डि.सि. दूधसँग
स्वास्थ्य र सन्तुष्टिको लागि
DDC Milk
ISO 22000:2005 Certified
दुग्ध विकास संस्थान
(नेपाल सरकारको पूर्ण स्वामित्व भएको)

।।एक युगमा एक पटक।।

ॐ
॥ श्री परमात्मने नमः ॥
॥ न भुतो न भविष्यती ॥

।।इतिहासमै पहिलो पटक।।

(न भुतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्री पशुपति कोटिहोम एंव १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ

मामाघर अनाथालय आश्रम, ललितपुर

Bank Details

Foundation Details

छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुर

सादर-निमन्त्रणा

अभिभावक विहिन अनाथ तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरुलाई निःशुल्क रुपमा गास, बास, कपास, स्वास्थ्य र शिक्षा प्रदान गर्दै आइरहेको **मामाघर अनाथालय आश्रम, ललितपुर** र बेसहारा, पिडित, दुःखी, गरिब र आधारभूत आवश्यकताबाट वञ्चित ज्येष्ठ नागरिकहरुलाई निःशुल्क रुपमा गास, बास, कपास र स्वास्थ्य प्रदान गर्दै आइरहेको **छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुरको भवन आदि निमार्ण सहयोगार्थ** आयोजित **ऐतिहासिक श्री पशुपति कोटिहोम एवं १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ** लाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि हजुरको गरिमामय उपस्थितका लागि **हार्दिक निमन्त्रणा** गर्दछौं।

ऐतिहासिक महायज्ञका कार्यक्रम विवरणहरु:

(१) मिति २०८१ असार महिनाको २२ गते शनिबार विहान ११:०० बजे बाट वृहत मोटरसाइकल र्‍याली गरी काठमाडौं चक्रपथ परिक्रमा गरिने ।
(२) मिति २०८१ असार महिनाको ३१ गते सोमबार विहान ७:०० बजे कार्यक्रम स्थल देखि हजारौं मातृशक्ति, बाजागाजाको साथमा साँस्कृतिक झाँकीहरू सहित भव्य विशाल कलश यात्रा गरी नगर परिक्रमा गरिने ।
(३) मिति २०८१ श्रावण महिनाको १ गते मंगलवार दिउँसो ११:०० बजे ऐतिहासिक श्री पशुपति कोटिहोम एवं विराट महायज्ञको समुद्घाटन गरिने ।
(४) जगद्गुरू, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिका आदिबाट विशेष, अलौकिक दिव्य प्रवचन नियमित हुने ।
(५) देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियान्ता तथा राजनेताहरूको आगमन हुने ।
(६) श्रावण महिना भरी सयौं गुरुहरु द्वारा नियमित हवन तथा अनेकौं कर्म गरिने ।
(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त कलाकारहरूबाट विभिन्न गित, संगीत, भजन, झाँकी, देव लिला, नृत्य आदि प्रस्तुती हुने ।

आयोजक:

१) श्री मानव सेवा फाउण्डेसन, नेपाल (काठमाडौं)
२) श्री विजय कृष्णमूर्ति जी महाराज फाउण्डेसन, नेपाल (काठमाडौं)
३) श्री मामाघर अनाथालय सपोर्ट एण्ड केयर सेन्टर, नेपाल (ललितपुर)
४) श्री छोरीको घर जेष्ठ नागरिक आश्रम (भक्तपुर)
५) श्री हिन्दु सेना, नेपाल (काठमाडौं)
६) श्री डोनेट फर नेपाल (काठमाडौं)
७) श्री मामाघर परोपकार तथा सेवा आश्रम (ललितपुर)
८) श्री माईतीघर जेष्ठ नागरिक स्याहार तथा संरक्षण केन्द्र, नेपाल (काठमाडौं)
९) श्री पञ्चकन्या धाम एवं गाईघाट क्षेत्र संरक्षण तथा विकास प्रतिष्ठान, नेपाल (तनहुँ)
१०) स्वधर्म परिवार, नेपाल (काठमाडौं)
११) हजुरहरु र हामी सबै

मिति:
२०८१ श्रावण ०१ गते देखि श्रावण ३२ गते सम्म

महायज्ञ स्थल:
श्री पशुपति क्षेत्र, (वनकाली) हंस मण्डप, काठमाडौं, नेपाल

सम्पर्क सूत्र :
०१-५२१८१२५
९८५१३५७०१५ / ९८५१३५७००७ / ९८५१३५७००९
९८०२३७००८३ / ९८०२३७००८१ / ९८०२३७००९३

वाचन प्रवीण पण्डित श्री दीनवन्धु पोखरेलज्यू
श्रावण ०८ गतेदेखि श्रावण १४ गतेसम्म । दिउँसो १:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म । (संगीतमय श्रीमद्भागवत कथा वाचन)

प्रसिद्ध श्रीमद्भागवत कथा वाचिका देवी प्रतिभाज्यू
श्रावण ०१ गतेदेखि श्रावण ०८ गतेसम्म । दिउँसो २:०० बजेदेखि साँझ ०७:०० बजेसम्म । (संगीतमय श्रीमद्भागवत कथा वाचन)

प्रसिद्ध श्री राम कथा वाचिका देवी चन्द्रकला सखीज्यू
श्रावण १६ गतेदेखि श्रावण २४ गतेसम्म । दिउँसो २:०० बजेदेखि बेलुका ०६:०० बजेसम्म । (संगीतमय श्री राम कथा वाचन)

सु-प्रसिद्ध कथा वाचिका राधिका दासी माताज्यू
असार ३१ गतेदेखि श्रावण ०७ गतेसम्म । विहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्म । (संगीतमय शिव महापुराण वाचन)

श्रीमद् देवी भागवत वाचिका विदुषी डा. कान्ता भट्टराई ज्यू
श्रावण १६ गतेदेखि २४ गतेसम्म । विहान ९:०० बजेदेखि विहान ११:०० बजेसम्म (संगीतमय श्रीमद् देवी भागवत कथा वाचन)